चाडपर्वलाई पारिवारिक भेटघाटको अवसरका रूपमा प्रयोग गरौं, हाम्रा सांस्कृतिक पर्वहरूको जगेर्ना गरौं, चाडपर्वमा अनावश्यक खर्च नगरौं, मद्यपान र जुवातास जस्ता विकृतिको अन्त्य गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक

दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com




निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
epratekdaily.com

❖ वर्ष ३८ ❖ २०८१ कात्तिक ०२ गते शुक्रवार // मृत भस्म नबन्दैमा भिल्को भैकन बल्नुछ // 2024 October 18 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ५६

## डुबान क्षेत्रको पानी निकासको लागि सहमति

## दुई दिनभित्र डुबानमुक्त हुन्छ -नगरप्रमुख सिंह

प्रस, परवानीपुर, १ कात्तिक/

वीरगंज महानगरको पहलमा वडा नं २०, २४, २६ हरपतगंज, बहुअरी र सुगौली बिर्ताका डुबान क्षेत्रबाट पानीको निकास बिहीवारदेखि शुरू भएको छ । गत असोज ११ र १२ गतेको अविरल वर्षाबाट ती क्षेत्रका घरहरू र धानखेत डुबानमा परेका थिए ।



असोज १९ गते महानगरपालिकाले डुबान क्षेत्रबाट पानीको निकासको लागि वडा नं १७ अलौंमा एक्साभेटर चलाएर निकास दिने प्रयास गरेको थियो तर स्थानीय अलौंवासीले ती तीन टोलाको पानी निकास गराउँदा आफ्नो वडा डुबेको भन्दै निकास बन्द गरेका थिए। त्यसपछि असोज २१ गते नगरप्रमुख राजेशमान सिंह सो स्थानमा निकासको लागि जाँदा विवाद भएर अलौंका स्थानीयहरूले रिले अनशन शुरू गरेका थिए ।

विजयादशमीको दिन नगरप्रमुखले अनशनकारीको माग सम्बोधन गरेपछि रिले अनशन तोडिएको थियो । सोही क्रममा आज नगरप्रमुख सिंह, प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसाल, प्रहरी उपरीक्षक कुमोध ढुङ्गेल, सशस्त्र प्रहरी उपरीक्षक राधेश्याम धिताल लगायतको टोली घटनास्थलमा पुगेर डुबान क्षेत्रको निरीक्षण गरेका थिए ।



शुरूदेखि सो क्षेत्रमा रहेको ह्युमपाइप खुला गराउने, पुरिएको नहर चालू गराउने सहमति अनुसार आज दिउँसो तीन बजेदेखि सो क्षेत्रमा तीनवटा जेसिभी प्रयोग गरेर पानीको निकास खोलिएको हो । नगरप्रमुख सिंहले डुबान क्षेत्रको पानी दुई दिनभित्र तिलावे नदीमा निकास हुनेगरी काम भइरहेको बताए। पहिलेदेखि वडा नं २०, २४ र २६ को वर्षाको पानीको निकास वडा नं १७ हुँदै आएको हो ।

## संविधान संशोधनको मुद्दामा सरकार अडिग -मन्त्री चौरसिया

प्रस, वीरगंज, १ कात्तिक/

कानून, न्याय तथा संसदीय न्यायमन्त्री अजयकुमार चौरसियाले संविधान संशोधनको मुद्दाबाट नेपाली काङ्ग्रेस र एमाले पछि नहटेको बताएका छन् ।

बिहीवार नेपाल प्रेस युनियन, पर्साले आयोजना गरेको शुभकामना कार्यक्रममा मन्त्री चौरसियाले नेका र एमालेबीच संविधान संशोधनलगायत सात बुँदे सहमति भएर सरकार गठन भएको र यो सरकार संविधान संशोधनको मुद्दामा दृढ रहेको दाबी गरे । उनले यस विषयमा गहन छलफल भइरहेको पनि दाबी गरे ।

अहिले आन्तरिक छलफल भइरहेको र पछि सबै दलको साझा सहमतिमा संविधान संशोधन गरिने उनले बताए । मन्त्री चौरसियाले अहिले बजारमा चलाइएको जस्तो दुई दलबीच कुनै पनि किसिमको मनमुटाव नरहेको बताए । दुई ठूला दलको सहमतिमा सरकार बनेको र यो सरकार आगामी आमनिर्वाचन २०८४ सम्म टिकाउ रहने दाबी गरे । आगामी चुनाव अघि कुनै पनि अवस्थामा सत्तासमीकरण परिवर्तन नहुने उनले भन्दै यो सरकारको सबैभन्दा ठूलो उपलब्धि भएको पनि दाबी गरे ।




बताए । मन्त्री चौरसियाले वर्तमान सरकारको सय दिन सफल भएको दाबी गरे । जनतामा रहेका असन्तुष्टिलाई सरकारले सम्बोधन गर्दै बिस्तारै हटाउने बताए ।

उनले १५ वर्षदेखि टिआरसी विधेयक आफू कानूनमन्त्री भएपछि सर्वदलीय सहमतिमा संसद्बाट पारित गरेर राष्ट्रपतिबाट प्रमाणीकरणसमेत भएको

प्रेस युनियन, पर्साका अध्यक्ष विजय चौहानको अध्यक्षतामा भएको कार्यक्रममा प्रदेशसभा सदस्य श्याम पटेल, नेका पर्साका उपसभापति अशोक गुप्ता, नेपाल पत्रकार महासङ्घका सचिव दीपेन्द्र चौहान, प्रेस युनियनका सचिव अशोक तिवारी, केन्द्रीय सदस्य श्रीराम रायमाझी, पूर्वनगरप्रमुखद्वय नितेन्द्र साह र लोकनारायण यादवलगायतको सहभागिता थियो ।

## सीमा क्षेत्रमा गोली प्रहारको घटनामा अनुसन्धान भइरहेको छ- प्रजिअ

प्रस, परवानीपुर, १ कात्तिक/

मङ्गलवार अपराह्न तीन बजे नेपाल–भारत मितेरीपुल सीमा क्षेत्रमा भएको गोली प्रहार घटनाको विषयमा छानबीन भइरहेको जिल्ला सुरक्षा समिति, पर्साले जनाएको छ ।

समितिका संयोजक एवं पर्साका प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालले सो घटना निकै संवेदनशील भएकोले सो विषयमा कानूनलाई टेकेर आन्तरिक अनुसन्धान भइरहेको बताए । उनले भारतीय सुरक्षा अधिकारीहरूसँग पनि अनुसन्धानका लागि समन्वय गर्ने कार्य भइरहेको बताए ।

प्रजिअ भुसालले गृह मन्त्रालयलाई स्थलगत सर्जमिन मुचुल्कासहितको प्रारम्भिक अनुसन्धानको प्रतिवेदन लेखेर पठाएको र गृह मन्त्रालयले माथिल्लोस्तरबाट आगामी दिनमा त्यस्तो घटना नहोस् भनेर पत्राचार गर्ने बताए ।

भारतीय सीमा सुरक्षा बल (एसएसबी) पन्टोका ४७औं बटालियनको टोलीले गस्ती गरिरहेको बेला अहिरवा टोला क्षेत्रमा केही कबाड तस्करहरूले एसएसबीसँग दुर्व्यवहार गरेको र सोही क्रममा एसएसबीका एकजना जवानले उनीहरूको पिछा गर्दा सीमा क्षेत्रमा हवाई फायर गर्नुपरेको एसएसबीले सफाइ



पर्साका प्रजिअ दिनेशसागर भुसाल । तस्वीरः प्रतीक

दिएको छ। बुधवार अहिरवा टोला थाना हरैया घर भएका जीतु कुमार र खुर्शेद आलमलाई पक्राउ गरी आवश्यक कारबाईको लागि रक्सौल थाना प्रभारीको जिम्मा लगाएको छ ।

सो घटनामा दुईजना महिला र दुईजना पुरुष संलग्न थिए ।

दशगजा क्षेत्रमा गोली प्रहार गरेको घटनालाई लिएर एसएसबीले दुईजना जवानलाई आवश्यक छानबीन गरिरहेको बुझिएको छ। सो घटना भएपछि नेपाल–भारत सीमा क्षेत्रका जनताबीचमा त्रास फैलिएको थियो भने दुई देशका सुरक्षा अधिकारीबीच द्वन्द्व बढ्ने अवस्था उत्पन्न भए तापनि सो घटनालाई दुवै देशका सुरक्षा अधिकारीले आपसी समन्वयमा सत्यतथ्य छानबीन गर्दै साम्य पार्दै लगेका छन् ।

## गण्डक नहरमा सोनारको शव भेटियो






प्रस, परवानीपुर, १ कात्तिक/

वीरगंजबाट चार दिनदेखि बेपत्ता भएका एकजनाको शव बिहीवार बारा जिल्लामा फेला परेको छ ।

बाराको प्रसौनी गाउँपालिका वडा नं १ नकटुवाको सरेहमा पर्ने गण्डक नहरको किनारबाट वीरगंज–३ छपकैया बस्ने वर्ष २६ का वीरेन्द्र साह सोनारको शव बरामद भएको हो ।

शव बरामद हुने स्थान इलाका प्रहरी कार्यालय, प्रसौनी–नौतनको चेक प्वाइन्टबाट लगभग डेढ किलोमिटर टाढा र त्रिवेणी पुलभन्दा ५० मिटरनजीक पर्छ । आज बिहान सो शव स्थानीयले देखेपछि प्रहरीलाई खबर गरेका थिए । भारत, रक्सौल घर भई हाल सोनारकै घरमा डेरा लिई बस्ने विजय गुप्ता कलवारसँगै सोनार गत असोज २७ गतेदेखि बेपत्ता भएका थिए ।

डेरामा बस्ने ३५ वर्षीय कलवार अहिले सम्पर्कविहीन रहेको बारा प्रहरीले जनाएको छ। शव बरामद भएपछि सर्जमिन, मुचुल्का गरी शल्यपरीक्षणको लागि नारायणी अस्पताल वीरगंजमा पठाइएको र आवश्यक अनुसन्धान अगाडि बढाइएको इलाका प्रहरी कार्यालय, प्रसौनीका प्रहरी निरीक्षक भेषराज भट्टले जानकारी गराए। यस घटनामा पर्सा प्रहरीसँग पनि समन्वय भइरहेको उनले जानकारी दिए।

सोनारको हत्या गरी गण्डक नहरमा फालिएकोले शरीरका अङ्ग केही कुहिसकेका थिए। हत्या आरोपमा प्रहरीले मृतक सोनारकी पत्नीलाई पक्राउ गरेको छ। अवैध सम्बन्धका कारण हत्या भएको हुन सक्ने प्रारम्भिक अनुसन्धानबाट देखिएको पनि प्रहरीले जनाएको छ ।

## महानगरको राजस्व तीन महीनामा सवा करोड घट्यो

प्रस, वीरगंज, १ कात्तिक/

वीरगंज महानगरपालिकाको आन्तरिक राजस्व चालू आवको तीन महीनामा गत आवको तुलनामा सवा करोड कम सङ्कलन भएको छ। वीरगंज महानगरपालिका राजस्व महाशाखाले गत आव २०८०/८१ को साउन–असोजसम्म १६ करोड २६ लाख ३६ हजार ४७३ राजस्व सङ्कलन भएकोमा चालू आवको असोज मसान्तसम्म १४ करोड ५९ लाख पाँच हजार ११४ सङ्कलन भएको जनाएको छ।

राजस्व महाशाखा प्रमुख मनोज कर्णले चालू आवको असोज मसान्तसम्म सम्पत्ति कर रु सात करोड १६ लाख ९६ हजार सङ्कलन भएको बताए। उनले गत आवमा सम्पत्ति कर सात करोड ४३ लाख ४२ हजार सङ्कलन भएको जानकारी गराए ।

यसैगरी, भूमि/मालपोत कर ३६ लाख ९५ हजार ३७६, घर बहालकर एक करोड ६८ लाख ४६ हजार ९३८, बहाल बिटौरी कर एक लाख दुई हजार, सवारीसाधन कर तीन लाख १३ हजार, पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर २७ हजार, बाँडफाँड प्राप्त हुने विज्ञापन कर ५६ हजार २५०, अन्य मनोरञ्जन कर दुई लाख ३० हजार ८५६, व्यवसाय रजिस्ट्रेशन दस्तुर ९५ लाख ८९ हजार २०२, अखेटोपहारमा लाग्ने कर ८२ लाख ३५ हजार, सरकारी सम्पत्ति बहालबाट प्राप्त आय २५ लाख ३५ हजार ४१५, निजी धाराबापतको शुल्क आठ हजार ५२०, अन्य सेवा शुल्क एक करोड १५ लाख ४८ हजार ७६९, अन्य प्रशासनिक सेवा शुल्क १२ लाख ८० हजार २७०, नक्शापास दस्तुर ७९ लाख ४७ हजार १३, सिफारिश दस्तुर ४८ लाख ६२ हजार ५५९, व्यक्तिगत घटना दर्ता दस्तुर छ लाख ३८ हजार ४१२, नाता प्रमाणित दस्तुर चार लाख ५१ हजार ३४०, अन्य दस्तुर ४५ हजार ८३०, प्रशासनिक दण्ड जरिवाना र जफत १३ लाख ७३ हजार ३२४, धरौटी जफत ४० लाख, बेरुजू चार लाख ३१ हजार ९० गरी चालू आवमा १४ करोड ५९ लाख ५११४ सङ्कलन भएको उनले बताए ।

## पर्सा प्रहरीले तीन महीनामा समात्यो १७ करोड भन्सार छलीको सामान

प्रस, परवानीपुर, १ कात्तिक/

जिल्ला प्रहरी कार्यालय, पर्साले चालू आव २०८१/८२ को पछिल्लो तीन महीनामा रु १७ करोड ४६ लाख ८३ हजार मूल्य बराबरको भन्सार र राजस्व छलीका मालसामान बरामद गरी कारबाईको लागि सम्बन्धित निकायमा पठाएको छ ।

जिप्रका, पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक दीपक भारतीका अनुसार राजस्व छली भएको रु १७ करोड २० लाख ६४ हजार ३६६ र भन्सार छली भएको रु २६ लाख १८ हजार ८२६ गरी कुल १७ करोड ४६ लाख ८३ हजार

(बाँकी अन्तिम पातामा)

## विचारसार र सूक्तिहरू

**स्वेच्छाले मृत्युवरण गर्ने मान्छे पाउन सजिलो छ, तर कष्ट र धैर्यका साथ जिउने इच्छाशक्ति भएको मानिस पाउन गाह्रो छ ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: eprateekdaily.com


# लागूपदार्थ दुर्व्यसन

**हाम्रो देश नेपालमा पछिल्लो समय लागूपदार्थ दुर्व्यसन तीव्ररूपमा बढिरहेको छ। यो समस्या विशेषगरी युवा पुस्तामाझ व्यापकरूपमा फैलिएको छ। यसले देशको सामाजिक संरचना र अर्थतन्त्रलाई गम्भीर चुनौती दिन थालेको छ। लागूपदार्थको सजिलो पहुँच, बेरोजगारी, मानसिक स्वास्थ्यसम्बन्धी समस्या र प्रचलित कानून कार्यान्वयनमा कमजोरीले गर्दा यो समस्या दिन प्रतिदिन जटिल बन्दै गएको हो। लागूपदार्थको प्रयोगबारे सरकारी तथा गैरसरकारी सङ्घ/संस्थाहरूले प्रकाशन गरेका तथ्याङ्कहरू गम्भीर छन्। नेपाल प्रहरीको लागूपदार्थ नियन्त्रण ब्युरोका अनुसार नेपालमा करीब एक लाख ५० हजार व्यक्ति कुनै न कुनै रूपले लागूपदार्थको दुर्व्यसनमा संलग्न छन्। यसमध्ये आधाभन्दा बढी युवा हुन्, जसको उमेर १५ देखि ३० वर्षको बीचमा छ। खासगरी शहरी क्षेत्रमा यो समस्या व्यापकरूपमा देखिएको छ। शहरमा मदिरा, गाँजा, चरेस, हेरोइन र सुँघ्ने पदार्थहरू सजिलै उपलब्ध छन्। मुलुकमा लागूपदार्थको प्रयोग खासगरी तस्करीमार्फत आउने नशालु पदार्थहरूले बढाएको हो। खुला सिमानाका कारण भारतसँगको सीमा लागूपदार्थ तस्करीका लागि प्रमुख मार्ग बनेको छ। संयुक्त राष्ट्रसङ्घको लागूपदार्थ तथा अपराधविरोधी कार्यालय (UNODC) का अनुसार नेपालमा लागूपदार्थका प्रयोगकर्ताहरूको सङ्ख्या वार्षिकरूपमा पाँच प्रतिशतले बढिरहेको छ, जुन विश्वको औसत वृद्धिभन्दा धेरै हो।**

**लागूपदार्थ दुर्व्यसनको सीधा असर समाजमा परेको छ। दुर्व्यसनमा फसेका व्यक्तिहरूले परिवार र समाजमा नकारात्मक प्रभाव पार्छन्। परिवारमा तनाव र आर्थिक समस्याहरू उत्पन्न हुने गर्छन्, जसले गर्दा धेरै बालबालिका र महिलाहरू प्रभावित हुने गरेका छन्। लागूपदार्थ प्रयोगकर्ताहरूले आफ्नो व्यक्तिगत र सामाजिक जीवनलाई ध्वस्त पार्नुका साथै अपराधमा पनि संलग्न हुने सम्भावना उच्च हुन्छ। पछिल्लो समयमा लागूपदार्थ प्रयोगसँग सम्बन्धित आपराधिक गतिविधिहरूमा पनि वृद्धि भएको देखिन्छ। चोरी, ठगी, हत्या जस्ता गम्भीर अपराधमा लागूपदार्थ प्रयोगकर्ताहरू संलग्न हुने गरेका छन्। यसले युवाहरूको भविष्य अन्धकारमय बन्ने खतरा छ। यस्ता गतिविधिहरूले समाजमा शान्ति, सुरक्षा र अमनचयनमा पनि खलल पुऱ्याउने गरेका छन्।**

**लागूपदार्थ दुर्व्यसनले स्वास्थ्य क्षेत्रमा पनि गम्भीर समस्या निम्त्याएको छ। लागूपदार्थ सेवनकर्ताहरूको स्वास्थ्य अवस्था कमजोर हुने हुँदा उनीहरूलाई अन्य घातक रोगहरूको जोखिम बढी हुन्छ। विशेषगरी सुईद्वारा लागूपदार्थ लिने व्यक्तिहरूमा एचआइभी/एड्स र हेपाटाइटिस जस्ता सङ्क्रामक रोगहरूको जोखिम धेरै पाइएका छन्। लागूपदार्थको प्रयोगले मानसिक स्वास्थ्यमा पनि नकारात्मक असर पार्ने हुँदा आत्महत्या र मानसिक रोगको दरमा पनि वृद्धि देखिएको छ। नेपालमा लागूपदार्थ दुर्व्यसन रोकथामका लागि कानूनी प्रबन्धहरू भएपनि कार्यान्वयन कमजोर छ। 'लागूपदार्थ नियन्त्रण ऐन २०३३' ले कठोर सजायको व्यवस्था गरेको छ, तर यसको प्रभावकारी कार्यान्वयनमा कमजोरी देखिएका छन्। कानूनी निकायहरूको सीमित क्षमता, प्रहरीमा भ्रष्टाचार र तस्करीविरुद्धको अभियानको न्यून प्रभावकारिताले समस्या समाधान हुन सकेको छैन। साथै सचेतना कार्यक्रमहरूको कमीले गर्दा यो समस्या निरन्तर बढिरहेको छ। लागूपदार्थ दुर्व्यसन नियन्त्रणका लागि गम्भीर समीक्षा गरेर उल्लिखित कमजोरी सच्याउन सरकार तथा अधिकारप्राप्त निकायले तदारूकता देखाउन जरुरी छ।**

# एमालेलाई अभियुक्तबाट जग्गादान

स्वतन्त्र विचार



**श्रीमन्नारायण**

an_shriman@yahoo.com

> **लोकतन्त्रमा राजनीतिक दलहरू कालोबजारीको कब्जामा पुग्ने अवस्था आउनु बहुदलीय व्यवस्थाको लागि राम्रो सङ्केत होइन। यसले जनतामा आक्रोश जन्माउँछ। सत्ताधारी दल मात्रै होइन, कुनै पनि राजनीतिक दलले राज्यका अभियुक्तहरूसित चन्दा र दान लिनु उचित होइन।**

नेपालको सत्ताधारी, नेकपा एमालेको निम्ति यस वर्षको दशैं माता जगदम्बाको विशेष आशीर्वादले निकै लाभकारी साबित भएको देखियो। चर्चित व्यवसायी मीनबहादुर गुरुङबाट करीब ८० करोड मूल्य बराबरको करीब ११ रोपनी जग्गा दान पाएको छ। साथै उक्त जग्गामा पार्टीका लागि करीब ३० करोड रुपियाँ खर्च गरेर भवनसमेत बनाइदिने प्रतिबद्धता पनि व्यवसायी गुरुङबाट प्राप्त भएको छ। नेपालको इतिहासमा एक व्यक्तिले यति ठूलो दान गरेको यो पहिलो रेकर्ड हो र नेपालको इतिहासमा यति ठूलो दान पाउने संस्था पनि नेकपा एमाले नै हो। सर्वहारा, मजदूर र गरीबहरूको पार्टीको रूपमा आफूलाई प्रस्तुत गर्दै आएको नेकपा एमालेले देशका ठूला र चर्चित व्यवसायीबाट प्राप्त गरेको यो दान स्वार्थरहित होला भन्ने कुरामा यकीन गर्न गाह्रो भइरहेको छ। अहिले नेपालको राजनीतिमा सर्वाधिक चर्चाको विषय यो जग्गादान नै रहेको छ।

कम्युनिस्टहरू बेग्लै ग्रहका हुन्छन्। इमानदारी, नैतिकता, चरित्र, भ्रष्टाचार, लोकतन्त्रजस्ता शब्दको व्याख्याका लागि उनका बेग्लाबेग्लै शब्दकोष र व्याकरण हुन्छ। आफ्नो गलती, कमी-कमजोरी र असफलतालाई परिभाषित गर्ने मापदण्ड पनि उसको फरक किसिमको नै हुने गर्दछ। नेकपा एमालेले चर्चित व्यवसायीबाट जति जग्गा दान प्राप्त गरेको छ त्यसको एक चौथाई पनि नेपाली काङ्ग्रेसले अथवा देशका अन्य कुनै दलले प्राप्त गरेको भए नेकपा एमालेका नेता र कार्यकर्ताहरू तथा नेकपा एमालेसँग नजीक रहेका बुद्धिजीवी, लेखक र विद्वान्हरूले यसलाई व्यापक चर्चाको विषय बनाउँथे। सत्ताधारी नेकपा एमालेलाई नै गुरुङले यति ठूलो दान किन दियो र नेकपा एमालेले पनि यसलाई सहजरूपमा र सहर्ष किन स्वीकार गऱ्यो? यो प्रश्न चारैतिरबाट उठेको छ। यो राजनैतिक नैतिकताको विषय पनि हो। आखिर विनाआर्थिक स्वार्थ कुनै व्यवसायीले यति ठूलो दान सत्ताधारी दललाई र त्यो पनि सरकारको नेतृत्व गरिरहेको दललाई कदापि दिँदैन। आखिर अन्य राजनीतिक दललाई यति ठूलो दान आजसम्म किन प्राप्त हुन सकेको छैन।

बाढी पहिरोबाट देशभर हजारौं मानिस बेघरबार भइरहँदा सरकारको नेतृत्व गरिरहेको नेकपा एमालेले आफ्नो केन्द्रीय कार्यालय भवन शिलान्यास गरेको छ। बल्खुस्थित पार्टीको हालको कार्यालय पनि पार्टीको आफ्नै जग्गामा छ र सुविधासम्पन्न पनि। तर पनि यतिले पार्टीलाई पुगेको छैन र भाटभटेनीका मालिकको दान लिने अवस्था आयो। यता पार्टीपङ्क्तिभित्र पनि यसको विरोध हुन थालेको छ। यद्यपि यसलाई सुशासन र कार्यकर्ताको अपमान मान्ने पार्टी कार्यकर्ताहरू साह्रै न्यून सङ्ख्यामा छन्। एमालेभित्र पार्टी अध्यक्षको विरोध गर्नेहरूको विरोधको असर केवल अरण्यरोदन साबित हुन्छ। यसभन्दा अघि पार्टी अध्यक्ष केपीशर्मा ओलीले दानवीरबाट पार्टी कार्यालयलाई जग्गा प्राप्त भएको खुलासा गरेका त थिए तर दाताको नाम भनेका थिएनन्। यस जग्गाबापत एमालेले वरदान के दिने हो? जवाफ नेपाली जनतालाई चाहिएको छ।

नेकपाा एमालेकी नेतृत्व विन्दा पाण्डेले यसको विरोध गर्ने साहस जुटाइन् र पार्टी कार्यालय बनाउन व्यापारीको सहयोग लिनु उचित नहुने भनाइ राखिन्। उनले यस कामबाट पार्टीका लाखौं मतदाताको अपमान भएको आरोप लगाउँदै व्यापार-व्यवसाय गर्नेले पारदर्शी रूपमा कम्पनीको सामाजिक दायित्व अन्तर्गत सामाजिक काममा सहयोग गर्ने कर्तव्य हो। तर राजनीतिक दलले कार्यालय बनाउन यस्तो सहयोग लिनु र व्यापारीले दिनु दुवै गलत हो। दिनेले किन र कसरी दिए उनैलाई थाहा होला तर स्वीकार गर्नेले पार्टीका निर्णायक तहमा छलफल र पार्टी पङ्क्तिमा जानकारी हुनुपर्ने विषय पनि चर्चामा आएको छ। भविष्यमा यो निर्णय आत्मघाती हुन सक्ने चेतावनी उनले दिएकी छन्। मनमोहन र मदनले अग्लो बनाएको पार्टीको इतिहास, वर्तमानका स्वाभिमानी पार्टी पङ्क्ति र भावी सन्ततिका लागि एमालेको गौरव जोगाउने हो भने यो गलत निर्णय सच्याउनैपर्छ भन्ने माग पार्टी नेतृत्वसित गरेकी छन्। राजनीतिक दलहरूले के कस्तो चन्दा लिन हुने वा नहुने निर्णय आचारसंहितामा उल्लेख भएको पाइन्छ। पूरा देश दशैं मनाइरहेको र मिडियाकर्मी पनि आफ्नो कलम बन्द गरी सुस्ताइरहेको बेला यत्रो ठूलो दान दातव्यको कुरा चर्चामा आउनु दुर्भाग्यपूर्ण हो।

व्यवसायी गुरुङ र प्रधानमन्त्रीसमेत रहेका नेकपा एमालेका अध्यक्ष केपीशर्मा ओलीबीच दान लेनदेनको विषयलाई घूसको रूपमा व्याख्या गर्नेहरू पनि छन्। यसको मुख्य कारण व्यवसायी गुरुङको विवादास्पद छवि हो। पहिलो कुरा त व्यवसायी गुरुङ बालुवाटार जग्गा प्रकरण, राजस्व छलीलगायत कैयौं मुद्दाका अभियुक्त हुन्। सरकार स्वयंले नै उनीमाथि यस्तो अभियोग लगाउँदै अदालतमा मुद्दा दायर गरिसकेको छ र गुरुङका अन्य विवादास्पद भूमिको गहन छानबीन गरिरहेको छ।

त्यसैले प्रधानमन्त्रीसमेत रहेका ओलीले राज्यकै अभियुक्तबाट यति ठूलो सम्पत्ति लिनु दान हो कि घूस? भन्ने प्रश्न उठेको हो। सामान्यरूपमा हेर्दा प्रधानमन्त्री ओलीले अभियुक्त गुरुङसँग आफ्ना लागि व्यक्तिगतरूपमा यो सम्पत्ति लिएका होइनन्, पार्टी अध्यक्षको नाताले नेकपा एमालेका लागि लिएका हुन्। तर अभियुक्त गुरुङले सरकारको नेतृत्व गरेको पार्टीलाई यति ठूलो दान दिएका हुन् तसर्थ यसलाई निस्स्वार्थ मान्न सकिने अवस्था छैन। यदि दान विपक्षी दललाई दिएको भए चर्चाको विषय बन्ने थिएन तर लाभ सरकारको नेतृत्व गरिरहेको दललाई पुगेको छ। एमाालेलाई नै यति ठूलो दान किन? यो प्रकरण कहीं कतै न्यायको खरीद-बिक्री त होइन? भन्ने प्रश्न उठेको छ। जबसम्म कानूनद्वारा नै चन्दा लिन पाउने व्यवस्था हुँदैन तबसम्म यो विकृतिले निरन्तरता पाइ नै रहने छ। राजनीतिक दलका लागि राज्यद्वारा नै बजेट प्रदान गर्ने र दलहरूले गर्ने खर्चको लेखाजोखा राज्यले नै गर्नेगरी कानून बनाइनु आवश्यक छ। होइन भने दलहरू काला व्यापारी, तस्कर र भूमाफियाको चङ्गुलमा फस्नेछन्। लोकतन्त्रमा राजनीतिक दलहरू कालोबजारीको कब्जामा पुग्ने अवस्था आउनु राम्रो सङ्केत होइन। यसले जनतामा आक्रोश जन्माउँछ। सत्ताधारी दल मात्रै होइन, कुनै पनि राजनीतिक दलले राज्यद्वारा अभियुक्त बनाइएकाहरूसित चन्दा र दान लिनु उचित होइन।

# क्षतिग्रस्त संरचनाको काम अघि बढाउन खानेपानीमन्त्री यादवको निर्देशन

प्रस, काठमाडौं, १ कात्तिक/

खानेपानीमन्त्री प्रदीप यादवले काभ्रेपलाञ्चोक जिल्लाको पनौती नगरपालिकामा बाढीले क्षति गरेका खानेपानी मन्त्रालय अन्तर्गतका विभागका संरचनाहरूको काम द्रुतगतिबाट गर्न निर्देशन दिएका छन्।

गएको असोज १० गतेदेखि परेको अविरल वर्षासँगै आएको बाढी र पहिरोका कारण पनौती नगरपालिकाका-२ र १२ का खानेपानीका मुहानलगायत विभिन्न संरचनामा भएका क्षतिको जानकारी लिन बिहीवार मन्त्री यादवले स्थलगत अनुगमन गरेका थिए। उनले पनौताका जनप्रतिनिधि र स्थानीयवासीहरूको सहयोगमा अस्थायीरूपमा पानी आइरहेको भएपनि दीर्घकालीन समाधानको लागि योजना तयार गर्नुपर्ने बताए।

बाढीका कारण नेपाल खानेपानी संस्थान अन्तर्गत पर्ने पनौतीमा रहेको मिनिरल वाटर उत्पादन प्लान्टमा पनि ठूलो क्षति भएको भन्दै मन्त्री यादवले सबै संरचनाको मरम्मतसम्भारको काम द्रुतगतिमा गर्ने बताए।

अनुगमनमा बाग्मती प्रदेश सांसद कञ्चनचन्द्र बादी, पनौती नगरपालिकाका प्रमुख रामशरण भण्डारी, बनेपा नगरपालिकाका नगरप्रमुख शान्तिरत्न शाक्य, खानेपानी तथा ढल व्यवस्थापन विभागका प्रमुख रामकुमार श्रेष्ठ र खानेपानी संस्थानका महाप्रबन्धक त्रिदेव श्रेष्ठलगायत सहभागी थिए।



# जग्गादानको विषयलाई भ्रामक प्रचार नगर्न आग्रह



प्रस, काठमाडौं, १ कात्तिक/

नेकपा एमालेका महासचिव शङ्कर पोखरेलले पार्टी केन्द्रीय कार्यालय बनाउन जग्गादान लिएको विषयलाई लिएर भ्रामक प्रचार नगर्न आग्रह गरेका छन्।

बिहीवार बाँकेको कोहलपुरमा कार्यकर्ता भेलामा महासचिव पोखरेलले व्यवसायी मीनबहादुर गुरुङबाट एमालेले पार्टी कार्यालय बनाउन जग्गा सहयोग लिएको विषय सामान्य भएको बताए। गुरुङले दान गरेको जग्गा एमालेले स्वीकार गरेको उनले बताए।

महासचिव पोखरेलले गुरुङ जोडिएको ललिता निवास प्रकरणसँग एमालेले लिएको कीर्तिपुरको जग्गाको कुनै साइनो नभएको बताए।

उनले नेपाली काङ्ग्रेसले पनि मैयादेवी श्रेष्ठले दिएको जग्गामा घर बनाएको स्मरण गरे। त्यस्तै, राप्रपाको कार्यालय पनि दाताले दिएको भएपनि त्यसको कुनै चर्चा नभएको बताए।

# ठोरीको वृद्धाश्रमलाई खाद्यान्न सहयोग




प्रस, वीरगंज, १ कात्तिक/

उपकार सेवा नेपालले ठोरी गाउँपालिका-१ भगवाननगरस्थित वृद्धवृद्धा आश्रममा खाद्यान्नलगायतका सामग्री सहयोग गरेको छ।

आश्रममा आश्रित २३ जना अपाङ्ग, सुस्त:मनस्थिति, वृद्धवृद्धा तथा बालबालिकाका लागि भनेर दाल, चना, केराउ, नून, बिस्कुट, सर्फ, फिनेल, चाउचाउ, साबुन, खानेतेल, चिउरा, भुजालगायत सामग्री संस्थाकी अध्यक्ष विद्याकुमारी सरावगीले आश्रमका सदस्य रामबहादुर थिङलाई हस्तान्तरण गरेकी थिइन्।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# अर्थ - उद्योग - वाणिज्य

## आर्थिक विकासका लागि यो गठबन्धनले स्थिर सरकार दिनेछ ?

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

**मुख्यगरी नेका र एमालेबीच भएको शक्ति सङ्घर्षको कारणले नै देशले स्थिर सरकार पाउन नसकेको हो। यी दलका नेताहरू जनता र देशप्रति इमानदार नभएर देशले स्थिर सरकार पाउन नसकेको हो। यी दुई दलहरूले राष्ट्रको आर्थिक विकासको लागि मिलेर कार्य गर्नुपर्छ।**

स्थिर सरकार र राष्ट्रिय आर्थिक विकासबीच गहिरो सम्बन्ध हुन्छ। निर्माण भएको सरकार स्थिर भयो र त्यो सरकारले आफ्नो कार्यकालभरि काम गर्न पायो भने राष्ट्रिय आर्थिक विकासको गतिले तीव्रता पाउँछ । विनागतिरोध राज्य संयन्त्रहरूले कार्य गर्न पाउँछन् । जवाफदेहितामा वृद्धि हुन्छ। सुम्पिएको कार्य ढिलो गर्ने व्यक्ति वा निकायहरूलाई त्यस्तो ढिलाइबाट उत्पन्न भएको कुप्रभाव वा क्षतिका लागि जिम्मेवार तुल्याएर दण्डित गर्न सकिन्छ।

स्थिर सरकार भयो भने योजनाहरू तयार गर्न सजिलो हुन्छ । निर्माण गरिएका योजनाहरू सम्पन्न गर्ने रणनीति तयार पार्न र ती रणनीतिहरू कार्यान्वयन गर्न सजिलो हुन्छ ।

साना योजनाहरू सम्पन्न गर्न एक वर्ष लाग्छ भने ठूला योजनाहरू सम्पन्न गर्न पाँच वर्षभन्दा बढी लाग्न सक्छ। जुन सरकारले योजनाहरू तयार पारेको हो सोही सरकारले ती साना र ठूला योजनाहरू सम्पन्न गर्न कुनै पनि गठित सरकारले आफ्नो कार्यकालभरि काम गर्न पाउनुपर्छ ।

योजना जुन सरकारले निर्माण गरेको हो, त्यो सरकारलाई उक्त योजनाप्रति चासो हुन्छ । त्यो सरकारले योजना सम्पन्नताको श्रेयता पाउने हुनाले सो सरकार सो योजना सम्पन्न गर्न उत्प्रेरित पनि हुन्छ । साथै उक्त योजना कुशलतापूर्वक सम्पन्न गर्ने दायित्व पनि सोही सरकारको हुन्छ ।

तर नेपालमा भएको छ ठीक उल्टो। हाम्रो देशमा सरकार स्थिर हुन सकेको छैन । २०४६ सालको राजनीतिक परिवर्तनपछि जति पनि सरकारहरू निर्माण भए, शीघ्र पतन भए। २०४६ सालपछि गठित कुनै पनि सरकारले आफ्नो कार्यकालभरि काम गर्न पाएको छैन । यो अति दुःखद एवं लज्जास्पद कुरा हो । देशका सम्पूर्ण राजनीतिक दल एवं नेताहरूले लज्याबोध गर्नुपर्ने कुरा हो ।

राजनीतिक दलहरूको स्वार्थ र नेताहरूको कुर्सी एवं शक्ति मोहले गर्दा नेपालको राजनीति स्थिर हुन सकेको छैन । नेपालको राजनीति स्थिर हुन नसकेकोले देशको आर्थिक विकासको गति सुस्त हुन पुगेको छ। सरकार अस्थिर भएर नै हाम्रो राष्ट्रिय आर्थिक विकासको गति सुस्त हुन पुगेको हो। सरकारहरूले पूर्णकाल काम गर्न नपाएर नै हाम्रो राष्ट्रिय आर्थिक विकासको गति सुस्त हुन पुगेको हो ।

नेपालले स्थिर सरकार पाउन नसक्नुको प्रमुख कारण के होला ?

वर्तमान संविधानमा मुख्यगरी, निर्वाचनसम्बन्धी गरिएको व्यवस्थामा, अति नै त्रुटि भएको हुनाले नेपालले स्थिर सरकार पाउन नसकेको हो । यस्तो भन्नेहरूको सङ्ख्या धेरै छ ।

सरकार स्थिर हुन नसक्नुको मुख्य कारण संवैधानिक व्यवस्थामा गम्भीर त्रुटिहरू हुनु हो । तर गठित सरकार स्थिर हुन नसक्नुको यो (संवैधानिक व्यवस्था) कारण महत्त्वपूर्ण भने होइन। महत्त्वपूर्ण कारण भनेको नेताहरू नेपालको विकासप्रति, नेपालको अर्थ व्यवस्थाप्रति र नेपाली जनताप्रति इमानदार नहुनु हो। नेताहरूको स्वार्थी प्रवृत्तिले गर्दा देशले स्थिर सरकार पाउन नसकेको हो ।

२०४६ सालको राजनीतिक परिवर्तनपछि नेताहरूको इमानदारीमा ठूलो विचलन आयो । प्रजातन्त्रको पुनर्बहालीपछि उदाएका प्रजातान्त्रिक नेताहरूमा अति इमानदारी होला भनी ठूलो विश्वास गरिएको थियो । तर विपरीत भयो। प्रजातान्त्रिक नेताहरूले देश र जनताको हित देख्नुभन्दा उनीहरूले आफ्नो मात्र हित देख्न थाले। शक्ति र सत्ता मात्र देख्न थाले। शक्ति र सत्ताको लागि उनीहरू जे पनि गर्न तयार भए। तत्कालीन राजनीतिक दल, नेकपा माओवादीले त राज्यविरुद्ध सरकार, प्रहरी र सेनाविरुद्ध हतियार नै उठायो।

देशमा लोकतन्त्र पुनर्बहाली भइसकेको स्थितिमा पनि, आफ्नो चाहना अनुसारको व्यवस्था ल्याउन वा खास किसिमको राजनीतिक व्यवस्था लागू गर्न माओवादी नेताहरूले आफ्ना कार्यकर्ताहरूलाई राज्यका सुरक्षा निकायहरूसँग युद्ध गर्न पठाउनु आवश्यक थिएन । राज्यका सुरक्षकर्मी र आफ्नो पक्षका अनेक लडाकूहरूगरी ठूलो सङ्ख्यामा व्यक्तिहरूको हत्या गराउन आवश्यक थिएन। देशमा प्रजातन्त्र आइसकेको थियो। प्रजातन्त्रविरुद्ध हतियार उठाउनु गलत थियो।

नेपालमा राजनीतिक व्यवस्था परिवर्तन गर्न माओवादीहरूले अनावश्यक सङ्घर्ष गरे । त्यस्तो गरेर ठूलो भूल गरे। अर्कोतिर, नेकपा एमाले, नेपाली काङ्ग्रेस (नेका) जस्ता दलहरू पनि देश र जनताप्रति उत्तरदायी हुन सकेनन्। शक्ति हातमा लिनु र आफ्नो नेतृत्वमा सरकार निर्माण गर्नु मात्र यी दुई दलहरूको एक मात्र लक्ष्य बन्यो। अर्जुन दृष्टि बन्यो। देशको आर्थिक विकासको लागि यी दुई दल मिलेर अगाडि बढ्नुपर्ने थियो, तर त्यस्तो भएन। यी दुई दल जहिले पनि एक अर्कासँग सङ्घर्षको स्थितिमा रहे। एक दलले अर्को दलको खुट्टा तान्ने स्थितिमा रहे। एमालेले गठन गरेको सरकार पतन गराउन नेकाले आफ्नो स्रोत, साधन र ऊर्जा खर्च गर्‍यो भने नेकाले गठन गरेको सरकार पतन गराउन एमालले आफ्नो स्रोत, साधन र ऊर्जा खर्च गर्‍यो। परिणम के भयो भने यी दलहरू आकारमा ठूला भए तापनि यी दलहरूले गठन गरेका सरकारहरूले दीर्घ जीवन पाउन सकेनन् ।

एमाले र नेकाबीच चल्ने अर्थहीन द्वन्द्वको फाइदा साना दलहरूले उठाए। विशेषगरी माओवादी केन्द्रले बढी फाइदा उठायो। यी दुई दलहरूको द्वन्द्वले गर्दा माओवादी पटकपटक शक्तिशाली भयो। आफ्नो नेतृत्वमा सरकार गठनसमेत गर्‍यो। यदि नेका र एमाले मिलेको भए, जुन अहिले भएको छ, माओवादी दल फर्सीको आकारबाट केराउको आकारमा पुगिसकेको हुन्थ्यो।

नेपालमा सरकार स्थिर हुन नसक्नुको प्रमुख कारण नै नेताहरूमा इमानदारीको ठूलो सङ्कट देखिनु हो । यदि नेताहरू जनता र देशप्रति जिम्मेवार भएका भए, देशको आर्थिक विकासका लागि नेताहरूले मिलेर कार्य गरेका भए, नेपालमा अहिले उच्च स्तरको आर्थिक विकास भएको हुन्थ्यो। युवाहरू यसरी चराको झुन्डझैं, रोजगारका लागि विदेशको आकाशतिर उड्नुपर्ने थिएन।

राष्ट्रलाई स्थिर सरकार दिन होस् वा आफ्नै स्वार्थका कारण होस्, अहिले एमाले र नेका मिलेर काम गर्न तयार भएका छन्। सत्ता साझेदारी गर्न यी दुई दलहरूबीच सहमति भएको छ; सम्झौता भएको छ । आफ्नो स्वार्थ वा देशको हित, जुनसुकै कारणले, यी दुई दलहरू मिलेर अगाडि बढ्नुको विकल्प थिएन। यी दुई दलहरूको अगुवाइमा यसरी नै कलह भएको भए, सरकार झन्झन् अस्थिर भएको भए, देशको आर्थिक विकासको गति झनै सुस्त हुन्थ्यो। जनतामा भएको निराशाले सीमा पार गर्ने थियो। जनता यी दुई दललगायत अन्य दलविरुद्ध सडकमा आउन बाध्य हुनुपर्थ्यो। देशमा गृहयुद्धको वातावरण निर्माण हुन्थ्यो।

जुनसुकै कारणले नेका र एमालेलाई एक अर्काको नजीक ल्याएको भए तापनि अब यी दुवै दलले यो अवसर (नेका र एमाले अर्काको नजीक भएको स्थिति र उनीहरूबीच पालैपालो सरकार चलाउने भनी भएको सहमति) लाई देश र जनताको हितमा उपयोग गर्नुपर्छ। यी दुई दलहरूको सहकार्यले देशलाई स्थिर सरकार दिएर आर्थिक विकासको लहर ल्याउनुपर्छ । इतिहासले दिएको यो अवसरलाई नेका र एमालेका सत्ता लोलुप नेताहरूले महत्त्व नदिने हो र शक्ति र सत्ता सङ्घर्षमा पूर्ववत् लागि नै रहने हो, यी दुई दल मिलेर कार्य नगर्ने हो भने जनता यी दुई दलविरुद्ध निश्चितरूपमा सडकमा आउने छ। यस अर्थमा भन्ने हो भने स्वेच्छाले होस् वा बाध्यताले होस्, नेका र एमालले मिलेर कार्य गर्नुको अब विकल्प छैन। यी दुई दलबीच सहमति हुनुको अर्को विकल्प छैन।

मुख्यगरी नेका र एमालेबीच भएको शक्ति सङ्घर्षको कारणले नै देशले स्थिर सरकार पाउन नसकेको हो। यी दलका नेताहरू जनता र देशप्रति इमानदार नभएर देशले स्थिर सरकार पाउन नसकेको हो। यी दुई दलहरूले राष्ट्रको आर्थिक विकासको लागि मिलेर कार्य गर्नुपर्छ। अब पनि यी दुई दल नमिल्ने हो र देशको आर्थिक विकास झन्झन् जर्जर हुने हो भने यी दुई दलका कार्यकर्ता एवं समर्थकहरू यी दलका नेताहरूविरुद्ध सडकमा आउने छन्।

नेपाल अति गरीब भइसक्यो। नेपालको गरीबले अब थप राजनीतिक अस्थिरता खेप्न सक्तैन । र अर्को र अति महत्त्वपूर्ण कुरा, कुनै पनि समस्याले आफ्नो समाधान आफैं पनि खोज्छ । वर्तमान राजनीतिक दलहरू र वर्तमान व्यवस्थाले देशलाई आर्थिक प्रगति, शान्ति र स्थिरता दिन सकेनन् भने जनताले आर्थिक प्रगति, शान्ति र स्थिरताको लगि अन्य व्यवस्था र राजनीतिक दल खोज्न सक्छ ।



**बाँस र बेतका सामग्री बनाउँदै:** छठ पर्वलाई लक्षित गर्दै बिक्री गर्न बाँस र बेतबाट विभिन्न सामग्री बनाउँदै महोत्तरी जिल्लाको जलेश्वर नगरपालिका–१ का डोम समुदाय । तस्बिरः सञ्जीतकुमार मण्डल/रासस

## वीरगंज नाकाबाट हुने आयात लयमा फर्कियो

हिमाल लम्साल
वीरगंज (पर्सा), १ कात्तिक/रासस

मधेस आन्दोलनको क्रममा भएको वीरगंज भन्सार लक्षित धर्ना र भारतीय अघोषित नाकाबन्दीले वीरगंजका दुईवटा भन्सार नाकाबाट हुने आयातमा निकै ठूलो सङ्कुचन देखा पर्‍यो । यहाँका दुई भन्सार नाकाबाट हुने आयात आव २०७२/७३ मा ३५ प्रतिशतको हाराहारीमा खुम्चिएको थियो ।

भन्सार विभागको आव २०७२/७३ को तथ्याङ्क अनुसार कुल सात खर्ब ७४ अर्ब ७१ करोड मूल्य बराबरको वस्तु तथा सामान आयात भएर नेपाल भित्रिएको थियो । सो वर्ष असोजदेखि माघसम्म चलेको मधेस आन्दोलन र अघोषित नाकाबन्दीको कारणले कुल आयातमा वीरगंज भन्सार कार्यालयको हिस्सा २३ दशमलव ५० र यहाँकै अर्को सुक्खा बन्दरगाह भन्सार कार्यालयको हिस्सा भने १२ दशमलव २३ प्रतिशत रह्यो ।

आन्दोलनका कारणले नाका बन्द भएसँगै यहाँबाट हुने आयात मात्रै खुम्चिएन, यहाँबाट हुने आयात पनि भैरहवा भन्सार कार्यालयतर्फ सरेको थियो। सोही वर्ष भैरहवा भन्सार कार्यालयबाट कुल आयातको २४ दशमलव ०७ अर्थात् रु एक खर्ब ८६ अर्ब ४८ करोड मूल्य पर्ने वस्तु तथा सामान भित्रिएको थियो ।

संविधान जारी भएको नौ वर्षपछि भने वीरगंज भन्सार कार्यालय हुँदै आउने कुल आयातको सामानमा भने फेरि पहिलाकै जस्तै गुल्जार देखिएको छ । अहिले वीरगंजका दुई ठूला भन्सार नाकाबाट कुल आयातको झन्डै ५० प्रतिशतको हाराहारीमा वस्तु तथा सामान आयात हुँदै आइरहेका छन् ।

मधेस आन्दोलन र नाकाबन्दीले आयातमा खुम्चिएको वीरगंज भन्सार र सुक्खा बन्दरगाह भन्सारबाट आव २०८०/८१ मा आइपुग्दा कुल रु १५ खर्ब ९२ अर्ब आठ करोडको आयातमध्ये वीरगंज भन्सारको योगदान ३४ दशमलव ३० प्रतिशत र सुक्खा बन्दरगाहको योगदान १२ दशमलव ७८ रहेको छ । कुल आयातमा भैरहवा भन्सार कार्यालयको योगदान भने १५ दशमलव २३ प्रतिशत रहेको छ ।

वीरगंज उद्योग वाणिज्य सङ्घका वरिष्ठ उपाध्यक्ष हरि गौतमले संविधान जारी भएसँगै भएको मधेस आन्दोलन र अघोषित नाकाबन्दीपछि आयात पुरानै लयमा फर्किए पनि उद्योग–व्यापारमा सुधार नआएको बताए । "वीरगंजमा सुविधासम्पन्न सुक्खा बन्दरगाह र एकीकृत जाँचचौकीलगायत पूर्वाधारका कारणले यहाँबाट हुने आयात पुरानै अवस्थामा फर्किसकेको छ," उनले भने, "संविधान जारी भएसँगै भएको आन्दोलनको कारणले विस्थापित भएका उद्योगी, व्यवसायी र बजार भने अझै फर्किन सकेका छैनन् ।"

वरिष्ठ उपाध्यक्ष गौतम मधेस आन्दोलनपछि वीरगंज केन्द्रित रहेका उद्योगधन्दा बिस्तारै बारा र हेटौंडातर्फ सर्ने क्रम बढेको गुनासो पनि व्यक्त गर्छन्। "वीरगंज भन्सार कार्यालयबाट हुने सवारीसाधनको आयात पनि भैरहवा भन्सार कार्यालयतर्फ सरेको देखिन्छ," उनले भने, "राजनीतिक स्थायित्व र उद्योगमैत्री वातावरणले पनि ठूलो अर्थ राख्ने रहेछ ।"

वीरगंज भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत राजेन्द्र ढुङ्गानाले कुल आयातमध्ये एक तिहाइभन्दा धेरै आयात वीरगंज भन्सार कार्यालयबाट हुने बताउँछन् । "कुल आयातमध्ये वीरगंजबाट हुने आयातको योगदान सन्तोषजनक नै देखिन्छ," उनले भने, "कुन वस्तु तथा सामान कहाँबाट आयात गर्ने भन्ने कुरा नितान्त व्यापारी तथा व्यवसायीमा निर्भर हुने गर्छ ।" उनका अनुसार वीरगंज भन्सार कार्यालय हुँदै मुख्यगरी पेट्रोलियम पदार्थ, औद्योगिक कच्चा पदार्थ र सवारीसाधन आयात धेरै हुने गर्छन् ।

भन्सार विभागको तथ्याङ्क अनुसार आव २०७३/७४ सालदेखि नै वीरगंजका दुवै भन्सार कार्यालयबाट हुने आयातमा उल्लेखनीय सुधार भएको देखिन्छ। सो आवमा रु नौ खर्ब ८४ अर्ब ३० करोड आयातमध्ये वीरगंज भन्सार कार्यालयको योगदान ३४ दशमलव १२ प्रतिशत रह्यो भने सुक्खा बन्दरगाह कार्यालयको भने ११ दशमलव ७६ प्रतिशत रह्यो। सोही आवमा भैरहवा भन्सारको भने १८ दशमलव ५५ प्रतिशत रह्यो ।

यस्तै, आव २०७४/७५ मा पनि नेपालमा १२ खर्ब ४५ अर्ब १० करोड मूल्य पर्ने सामान आयात भएको देखिन्छ। यसमा वीरगंज भन्सार र सुक्खा बन्दगाहको हिस्सा क्रमशः ३३ दशमलव ८९ र १० दशमलव ४९ प्रतिशत रह्यो। जसमा भैरहवा भन्सारको योगदान भने १७ दशमलव ९९ प्रतिशत थियो ।

विभागका अनुसार आव २०७५/७६ मा रु १४ खर्ब १८ अर्ब ५३ मूल्य पर्ने वस्तु तथा सामान विदेशी मुलुकबाट भित्रियो । जसमा वीरगंज भन्सारको योगदान ३४ दशमलव ७३ प्रतिशत, भैरहवा भन्सारको योगदान १६ दशमलव ९२ र सुक्खा बन्दरगाहको योगदान भने १० दशमलव ९२ प्रतिशत रह्यो ।

विसं २०७६ चैतको पहिलो सातादेखि कोभिड–१९ को महामारी नियन्त्रण गर्न भन्दै गरिएको बन्दाबन्दीको कारणले पनि अघिल्लो वर्षको तुलनामा मुलुकभरिको समग्र आयातमा नै सङ्कुचन आयो । सो आवमा रु ११ खर्ब ९६ अर्ब ७९ करोड मूल्य बराबरका वस्तु तथा सामान नेपाल भित्रिएको थियो । कुल आयातमध्ये वीरगंज भन्सार नाका हुँदै ३४ दशमलव ३७ प्रतिशत थियो । त्यस्तै, सुक्खा बन्दरगाह हुँदै भने १३ दशमलव ८४ प्रतिशत र भैरहवा हुँदै भने १६ दशमलव ६१ प्रतिशत आयात भएको देखिन्छ ।

कोभिड–१९ को महामारीको कारणले सङ्कुचित आयात आव २०७७/७८ मा भने उल्लेखनीय सुधार हुँदै रु १५ खर्ब ३९ अर्ब ८३ करोड ७० लाख ६८ हजार बराबरको वस्तु तथा सामान आयात भयो। कुल आयातमध्ये वीरगंज भन्सार नाका हुँदै एक तिहाइ अर्थात् ३३ दशमलव २३ प्रतिशत रह्यो। सुक्खा बन्दरगाह हुँदै भने कुल आयातको १२ दशमलव ३० प्रतिशत र भैरहवा भन्सार नाकाबाट कुल आयातको १८ दशमलव २९ प्रतिशत आयात भएको देखिन्छ ।

कोभिड–१९ को असर र प्रभाव कम भएसँगै आव २०७८/७९ मा रु १९ खर्ब २० अर्ब ४४ करोड ८३ लाख ४९ हजार बराबरको आयात भयो। जसमा वीरगंज भन्सार कार्यालय हुँदै ३६ दशमलव ७८ प्रतिशत अर्थात् रु सात खर्ब छ अर्ब ३८ करोड ७९ लाख ६७ हजार बराबरको आयात भयो । त्यस्तै, सुक्खा बन्दगाह हुँदै कुल आयातको ११ दशमलव ३५ प्रतिशत अर्थात् रु दुई खर्ब १७ अर्ब ९८ करोड ३४ लाख ३० हजारको आयात भयो । त्यस्तै, भैरहवा भन्सार कार्यालयबाट भने कुल आयातको १५ दशमलव ४० प्रतिशत अर्थात् रु दुई खर्ब ९५ अर्ब ६७ करोड १० लाख ५१ हजार बराबरको आयात भएको थियो ।

विभागको तथ्याङ्क अनुसार आव २०७९/८० मा रु १६ खर्ब ११ अर्ब ७३ करोड १७ लाख ७० हजार कुल आयात भएको थियो। कुल आयातमध्ये वीरगंज

(बाँकी पाँचौं पातामा)

# समृद्धिका लागि विपन्न वर्ग कर्जाको सदुपयोग

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**आर्थिक समृद्धिका लागि मुलुकको सन्तुलित विकास हुनु आवश्यक छ। यसका लागि आर्थिकरूपले पिछडिएका वर्ग, पेशा तथा सम्भावना भएका क्षेत्रलाई सहुलियत ब्याजदरमा पूँजी उपलब्ध गराएर उनीहरूको आर्थिक तथा सामाजिक अवस्थामा सुधार ल्याउनुपर्ने हुन्छ।**

विपन्न वर्गको आर्थिक तथा सामाजिक उत्थानका लागि बैंक तथा वित्तीय संस्थाहरूले प्रवाह गर्दै आएको विपन्न वर्ग कर्जा पर्याप्त मात्रामा प्रवाह हुन सकेको छैन। नेपाल राष्ट्र बैंकका अनुसार चालू आर्थिक वर्षको साउन मसान्तसम्म बैंक तथा वित्तीय संस्थाहरूबाट विपन्न वर्गमा ३ खर्ब ७ अर्ब ७९ करोड ९० लाख रुपियाँ कर्जा प्रवाह भएका छन्। यो कुल कर्जा प्रवाहको ६.०२ प्रतिशत हो। गत आर्थिक वर्षको सोही अवधिमा विपन्न वर्गमा प्रवाह भएको कर्जा झन्डै २ अर्ब रुपियाँले घटेको हो। बैंक तथा वित्तीय संस्थाहरूले चालू आर्थिक वर्षको साउन मसान्तसम्म कुल ५१ खर्ब ६५ अर्ब १३ करोड रुपियाँ कर्जा प्रवाह गरेको नेपाल राष्ट्र बैंकले जनाएको छ। गत आर्थिक वर्षको सोही अवधिमा बैंक तथा वित्तीय संस्थाहरूबाट कुल ४८ खर्ब ५७ अर्ब कर्जा प्रवाह भएको थियो। तीमध्ये विपन्न वर्गमा तीन खर्ब नौ अर्ब ५० करोड कर्जा प्रवाह भएको थियो। यो कुल कर्जा प्रवाहको ६.७५ प्रतिशत रहेको छ।

गत आर्थिक वर्षमा एकभन्दा बढी संस्थामा ऋण प्रवाह गर्न नपाइने, ब्याजदरमा सीमालगायत कारणले लघुवित्त वित्तीय संस्थाले आक्रामक रूपमा कर्जा प्रवाह गर्न सकेको थिएन। जसको प्रत्यक्ष असर विपन्न वर्ग कर्जामा परेको थियो। लगानी वातावरण खस्केको, लघुवित्त संस्थाहरूले आक्रामक रूपमा कर्जा विस्तार नगरेकोलगायत कारणले समग्र कर्जा घटेको बताइएको छ। बैंक तथा वित्तीय संस्थाबाट उच्च ब्याजदरमा कर्जा लिएर लघुवित्त वित्तीय संस्थाहरूले आक्रामकरूपमा कर्जा विस्तार गर्न नसकेको हो। गत आर्थिक वर्षमा ब्याजदर उच्च रहेको, लघुवित्तलगायत क्षेत्रमा समस्या चरम बिन्दुमा पुगेको, बैंक तथा वित्तीय संस्थासँग कर्जा प्रवाहका लागि तरलता कम रहेको तथा कतिपयले कर्जा दिन नसक्ने अवस्था आएकोले कर्जा प्रवाहमा समस्या भएको नेपाल राष्ट्र बैंकले जनाएको छ। त्यसैले मौद्रिक नीतिले तय गरेको साढे ११ प्रतिशतको लक्ष्य गत आर्थिक वर्षमा आधामात्रै पूरा भएको थियो। अघिल्लो आर्थिक वर्षको तुलनामा गत आर्थिक वर्षको साउन मसान्तसम्म बैंकहरूको कर्जा विस्तार नै घटेकोले विपन्न वर्ग कर्जा पनि घटेको हुन सक्ने अनुमान बैंकर्सहरूको छ। चालू आर्थिक वर्ष शुरू भएको तीन महीना बितिसक्दा पनि सहजरूपमा सो कर्जा प्रवाह हुन सकेको छैन। एकातिर कर्जा माग आएको छैन भने अर्कोतिर बैंकहरू पनि पर्ख र हेरको अवस्थामा रहेका छन्।

हुनत गत आर्थिक वर्षको तुलनामा चालू आर्थिक वर्षको अहिलेसम्म अर्थतन्त्र बिस्तारै चलायमान हुन थालेको छ। फलस्वरूप लगानीको अवसर पनि बढ्दै गएको छ। तर पनि निजी क्षेत्र भने त्यसका लागि अझै विश्वस्त भइसकेको छैन। कर्जा प्रवाहका लागि ब्याजदर कम हुनुले सहज बनाए पनि नागरिकको उपभोग्य क्षमता नै कम हुँदा समस्या सिर्जना भइरहेको दाबी निजी क्षेत्रको छ। यही कारण निजी क्षेत्रले कर्जाको माग गर्न सकेको छैन। साथै सरकारले अनिवार्य लगानी गर्नुपर्ने गरी तोकिएका क्षेत्रमा समेत कर्जा प्रवाह अपेक्षित गतिमा हुन नसकेको देखिन्छ। वाणिज्य बैंकहरूले २०८१ साउन मसान्तसम्म दुई खर्ब ६३ अर्ब विपन्न कर्जा प्रवाह गरेका छन्। यो कुल कर्जा प्रवाहको ६.०३ प्रतिशत हो। त्यस अवधिमा वाणिज्य बैंकहरूले प्रवाह गरेको कुल कर्जा ४५ खर्ब ६५ अर्ब ३३ करोड रुपियाँ छ। गत आवको सोही अवधिमा वाणिज्य बैंकहरूले ४२ खर्ब ९४ अर्ब ७५ करोड रुपियाँ कर्जा प्रवाह गरेकोमा त्यसको ६.४९ प्रतिशत अर्थात् दुई खर्ब ६५ अर्ब ४० करोड विपन्न वर्गमा प्रवाह भएको थियो। विकास बैंकहरूले ०८१ साउन मसान्तसम्म विपन्न वर्गमा कुल ३७ अर्ब ७० करोड ६० लाख रुपियाँ कर्जा प्रवाह गरेका छन्। तीमध्ये कूल चार खर्ब ९९ अर्ब रुपियाँ विपन्न वर्ग कर्जा अर्थात् ७.७४ प्रतिशत मात्र प्रवाह गरेको हो। गत आर्थिक वर्षको सोही अवधिमा विकास बैंकहरूले चार खर्ब ६९ अर्ब रुपियाँ सो कर्जा प्रवाह गरेकोमा त्यसको ८.७८ प्रतिशत अर्थात् ३९ अर्ब ३१ करोड ९० लाख रुपियाँ विपन्न वर्गमा प्रवाह गरेको थियो। फाइनान्स कम्पनीहरूले गत साउन मसान्तसम्म एक खर्ब २९ करोड ७० लाख रुपियाँ कर्जा प्रवाह गरेका छन्। तीमध्ये ७.२७ प्रतिशत अर्थात् ६ अर्ब ४५ करोड ९० लाख रुपियाँ विपन्न वर्गमा प्रवाह भएको तथ्याङ्क छ। गत आर्थिक वर्षको सोही अवधिमा फाइनान्स कम्पनीहरूले कुल ९२ अर्ब ८१ करोड रुपियाँ कर्जा प्रवाह गर्दा विपन्न वर्गमा ८.७६ प्रतिशत अर्थात् ५ अर्ब ६७ करोड ९० लाख रुपियाँ बराबर कर्जा प्रवाह गरेका थिए।

शिथिल अर्थतन्त्र र लघुवित्त वित्तीय संस्थाको कर्जा प्रवाहमा समेत समस्या आएपछि केही समयदेखि विपन्न वर्गमा जाने कर्जा घट्दै आएको छ। त्यसैले विपन्न कर्जा विस्तारका लागि मुलुकमा उत्पादन तथा रोजगारको अवस्था सुधार्न, वैदेशिक रोजगारलाई स्वदेशकै अवसरले प्रतिस्थापन गर्न, महिला, दलित, विपन्न र सीमान्तकृत समुदायको जीवनस्तर उकास्न सरकारले प्रभावकारी कार्ययोजना बनाउनुपर्दछ। हाल यससम्बन्धी नीतिगत व्यवस्थाको प्रभावकारी कार्यान्वयनमा जोड दिनै पर्दछ। मुलुकको आर्थिक, सामाजिक रूपान्तरणमा योगदान पुर्‍याउनका लागि यस्ता विपन्न वर्ग कर्जाको प्रभावकारी कार्यान्वयनमा सरकारको ध्यान जानु अहिलेको प्राथमिकता हो। प्राकृतिक स्रोत साधनले सम्पन्न मुलुक भएपनि पर्याप्त पूँजीको अभावले यस्ता स्रोतहरूको दिगो उपयोग हुन सकिराखेको छैन। मुलुकको आर्थिक वृद्धिदर उकास्न तथा नेपाललाई आर्थिक समृद्धिको दिशातर्फ उन्मुख गराई गरीबी निवारणको अभियानमा उल्लेखनीय सफलता हासिल गर्न राज्यको अथक प्रयास र प्रतिबद्धताको खाँचो पर्छ। यसका लागि विपन्न वर्गमा जाने कर्जा उपयोगी सिद्ध हुन सक्छ।

विपन्न वर्ग भन्नाले न्यून आय भएका र खासगरी सामाजिकरूपमा पिछडिएका महिला, जनजाति, दलित वर्ग, आपङ्गता भएका व्यक्ति, सीमान्तकृत समुदाय तथा साना किसान, कालिगढ, मजदूर र भूमिहीन परिवारलाई जनाउँछ। विपन्न वर्गको आर्थिक तथा सामाजिक उत्थानका लागि सञ्चालन हुने स्वरोजगारमूलक लघु उद्यम सञ्चालन गर्न तोकिएको सीमासम्म प्रवाह हुने लघु कर्जालाई 'विपन्न वर्ग कर्जा' मा गणना गरिएको छ। विपन्न वर्गको आर्थिक तथा सामाजिक उत्थानका लागि बैंक तथा वित्तीय संस्थाले यस्तो कर्जा प्रवाह गर्दै आएको दाबी गरे पनि अधिकांश यस्तो कर्जा लक्षित समुदायसम्म नपुगेको जानकारहरू बताउँछन्। विपन्न वर्गको नाममा पहुँचवाला र हुनेखानेले मात्र उक्त सुविधा लिँदै आएको उनीहरूको तर्क छ। नेपाल राष्ट्र बैंकले निर्देशन जारी गरे पनि प्रभावकारी नियमन गर्न नसकेकै कारण वास्तविक विपन्न वर्गका व्यक्ति यो सुविधाबाट वञ्चित रहेको छ। तर राष्ट्र बैंकले भने विपन्न वर्ग कर्जा, प्रायः बैंकहरूले लघुवित्तमार्फत प्रवाह गरिरहेको हुँदा यसको दुरुपयोग हुने सम्भावना अत्यन्त न्यून रहेको जनाएको छ। यसका साथै लक्षित वर्गसम्म कर्जाको प्रचारप्रसार हुन नसक्नु वा कम हुनु, प्रक्रियागत झन्झटका कारण लक्षित वर्गको कर्जामा पहुँच पुग्न नसक्नु वा कम पुग्नु, कमजोर वित्तीय चेतना, नियमन तथा सुपरिवेक्षण प्रभावकारी हुन नसक्नुजस्ता कारणले पनि यो कर्जा प्रभावकारीरूपमा कार्यान्वयनमा आउन सकेको छैन।

मौद्रिक नीतिमार्फत राष्ट्र बैंकले शैक्षिक प्रमाणपत्र धितो राखेर दिने कर्जा, आर्थिकरूपमा विपन्न, सीमान्तकृत समुदाय तथा लक्षित वर्गका विद्यार्थीलाई उच्च र प्राविधिक तथा व्यावसायिक शिक्षा अध्ययनका लागि उपलब्ध गराइने कर्जा, दलित समुदायलाई व्यवसाय गर्न सामूहिक जमानीमा उपलब्ध गराइनेजस्ता ९ प्रकारको कर्जा विपन्न वर्ग कर्जामा गणना गर्न छुट दिएको छ। उल्लिखित शीर्षकको कर्जामा ५ देखि ६ प्रतिशतसम्म ब्याज अनुदान दिने सरकारको नीति छ। रुग्ण उद्योग, घरेलु तथा साना उद्योग, वैदेशिक रोजगार, दलित, जनजाति, उत्पीडित, महिला, अपाङ्गता भएका व्यक्ति, विपन्न वर्ग तथा समुदायका व्यक्तिद्वारा सञ्चालित साना व्यवसायआदिको प्रवर्द्धन र निर्यातलाई प्रोत्साहन गर्न राष्ट्र बैंकले १ प्रतिशतमा विशेष पुनर्कर्जा प्रदान गर्दै आएको छ। हुनत आर्थिक समृद्धिका लागि मुलुकको सन्तुलित विकास हुनु आवश्यक छ। यसका लागि आर्थिकरूपले पिछडिएका वर्ग, पेशा तथा सम्भावना भएका क्षेत्रलाई सहुलियत ब्याजदरमा पूँजी उपलब्ध गराएर उनीहरूको आर्थिक तथा सामाजिक अवस्थामा सुधार ल्याउनुपर्ने हुन्छ। विपन्न वर्ग कर्जाको प्रभावकारी उपयोगले आन्तरिक उत्पादन, आय र रोजगार बढ्नुका साथै निर्यात र आयातबीचको ठूलो खाडल पुर्दै बाह्य व्यापार घाटा कम गर्न मदत पुग्छ। यसका साथै आत्मनिर्भर अर्थतन्त्रको विकासमा ठूलो सहयोग पुग्छ। त्यसैले मुलुकको आर्थिक रूपान्तरणका लागि विपन्न कर्जाको प्रभावकारी कार्यान्वयनमा सरकारको अर्जुन दृष्टि हुनुपर्छ।



**उखु रोप्ने तयारी:** बेलौरी नगरपालिका कलकत्ताका किसान उखु रोप्नका लागि खेत तयार गर्दै। तस्बिर: राजेन्द्रप्रसाद पनेरु/रासस

## सावित्री र सावा मनसुली जातका धानमा 'डटी पेनिकल' समस्या

चितवन, १ कात्तिक/रासस

जिल्लामा लगाइएको धानमा 'डर्टी पानिकल' नामक रोगको समस्या देखिएको छ। पूर्वी चितवन र पश्चिम चितवनका विभिन्न स्थानमा लगाइएका सावित्री र सावा मनसुली धानमा यो समस्या देखिएको हो।



प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन एकाइ भरतपुरका सूचना अधिकारी इन्द्र शर्मा ढुङ्गानाका अनुसार एक हजार पाँच सय हेक्टर क्षेत्रफलमा लगाइएको धानमा यो समस्या देखिएको हो। उनले भने, "यो रोग ढुसी र ब्याक्टेरियाका कारण हुने गर्छ। पुराना जातका धानमा यो रोगको समस्या देखिएको हो।" यो रोग लागेको धानमा बाला लागेपछि दाना नलाग्ने, पपटा हुने, दाना कालो हुने समस्या देखिएको उनले बताए। उनका अनुसार धानमा देखिएको यो रोगका कारण यस वर्ष जिल्लामा चार हजार पाँच सय टन उत्पादन घट्ने अनुमान गरिएको छ।

उनले भने, "धानको बीउसँगै यो रोगको सङ्क्रमण देखिने गरेको छ। सावित्री र सावा मनसुली धान लगाएका क्षेत्रमा ८० प्रतिशत घाटा हुने देखिन्छ।" भारतबाट आयातीत मुकागोला धानको बीउमा समेत यो समस्या देखिएको उनले बताए। यो रोगबाट बच्न बीउ राख्ने क्रममा बीउ छनोट, ढुसीनाशक विषादीको प्रयोग र नून पानीले उपचार गरेर राख्नुपर्ने सूचना अधिकारी ढुङ्गानाले जानकारी दिए। धानमा यो रोग देखिएमा फुल खेल्ने समयमा कप्पर अक्सिक्लोराइड र कार्बनाडेजिङ नामक विषादी दुई ग्राम प्रतिलिटर पानीमा हालेर एक हेक्टर क्षेत्रफलमा तीन सय लिटर छर्नुपर्ने उनले बताए। यो औषधि छरेको एक सातापछि पोपेकोनाजोल नामक विषादी प्रतिलिटर पानीमा एक मिलिलिटर मिसाएर प्रतिहेक्टर तीन सय लिटर पानीको प्रयोग गर्नुपर्ने उनले सुझाव दिए।

जिल्लामा २२ हजार ८७० हेक्टर क्षेत्रफलमा बर्खे धान लगाइएको छ। जहाँ चैते ५, हर्दिनाथ ६, बहुगुणी १ र २, मनकामना, गङ्गोत्री, गङ्गाकावेरी, जेरी, ओआर, कतर्नी, मुकागोला, महाराजा, काशीनाथलगायत धानहरू लगाइएको उनले जानकारी दिए।


## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
|---|---|---|
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की-१० |
| ३. डा. आनन्दकुमार झा | ०५१-५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. श्यामसुन्दर दास | | |
| ५. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१-५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि
४. डा. आमोद श्रेष्ठ (न्यू त्रिलोकी क्लिनिक), ९८१२२३८९६५, दशतले भवनछेउमा, बिर्ता, वीरगंज-४

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१-५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की-१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१-५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१-५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र (कन्सलटेन्ट आयुर्वेदविज्ञ) ९८४९४१११९६ नारायणी आयुर्वेद उपचार तथा योग केन्द्र, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरज कुमार सिंह ०५१-५२१९२१ नाउक्षे अस्पताल, वीरगंज
डा. प्रशान्त कुमार साह (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१-५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. स्वेता गुप्ता, ९८५५०३५५६०, (न्यु त्रिलोकी क्लिनिक), बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३-५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ।
सम्पर्क: बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०२७७७७५३




**चन्द्रनहरमा अस्थायी तटबन्ध:** सप्तरीको तिरहुत गाउँपालिका-१ स्थित बडहरामा बस्तीलाई बाढीको जोखिमबाट बचाउनका लागि देशकै पुरानो चन्द्रनहरमा बोरामा बालुवा राखेर निर्माण गरिएको अस्थायी तटबन्ध। तस्बिर: अरुणकुमार यादव/रासस

## अन्तर्राष्ट्रिय समाचार

# भारतमा विषाक्त मदिरा सेवन गर्दा २० जनाको मृत्यु


तस्बिर: एजेन्सी

सिवान, बिहार, १ कात्तिक/एएनआई

भारतको उत्तरी राज्य बिहारमा विषाक्त मदिरा सेवन गर्दा कम्तीमा २० जनाको मृत्यु भएको छ।

बिहारको सिवान जिल्लाका एसपी अमितेश कुमारले बिहीवार दिएको जानकारी अनुसार विषाक्त रक्सी पिउँदा २० जनाको ज्यान गएको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ।

छपराका प्रहरी अधिकारी कुमार आशिषले घटनाको थप अनुसन्धानका लागि विशेष अनुसन्धान टोली गठन गरिएको बताएका छन्। उनका अनुसार घटनासँग जोडिएका तीनजनालाई पक्राउ गरिएको छ भने आठजनाविरुद्ध जाहेरी दर्ता गरिएको छ।

मृतकमध्ये एकजनाका आफन्तले अक्टोबर १५ मा विषाक्त मदिरा पिएपछि उनका आफन्तको स्वास्थ्य बिग्रिएको बताएका छन्। बिरामीले अक्टोबर १५ मा विषाक्त मदिरा पिएपछि बुधवार साँझ उनीहरूको स्वास्थ्यमा समस्या आएको र अस्पताल ल्याइएको अर्का एक बिरामीका आफन्तले बताए। रासस

# इयु शिखर सम्मेलनमा आप्रवासनको विषयमा बृहत् छलफल हुने अपेक्षा

ब्रसेल्स, बेल्जियम, १ कात्तिक/एएफपी

युरोपेली सङ्घ (इयु)का नेताहरूले आप्रवासनसम्बन्धी कडा नियम बनाउने विषयमा बिहीवार ब्रसेल्समा हुने शिखर सम्मेलनमा छलफल गर्ने भएका छन्।

शिखर सम्मेलनमा युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीको उपस्थितिमा युक्रेनका लागि समर्थन, मध्यपूर्व सङ्कटलगायत अन्य मुख्य मुद्दाहरू छलफलमा ल्याइनेछन्।

आप्रवासन वार्ताको पूर्वसन्ध्यामा इटालीका कट्टर दक्षिणपन्थी प्रधानमन्त्री जियोर्जिया मेलोनीले पत्रकारहरूसँग भने– "व्यावहारिक समाधानका लागि काम गर्ने इच्छा छ।"

रोमले समान विचारधारा भएका देशहरूसँग साझा दृष्टिकोणबारे छलफल गर्न मुख्य कार्यक्रमको ठीक अगाडि मिनी–शिखर सम्मेलन आयोजना गरिरहेको छ। यसै हप्ता केही आप्रवासीहरूलाई अल्बानिया पठाउन शुरू गरिएको छ। तिरानासँगको ब्रसेल्सको सम्झौताबारे इयुका अन्य राजधानीहरूले गहिरो चासो देखाएका छन्।

स्लोभेनियाका प्रधानमन्त्री रोबर्ट गोलोबले यस कदमलाई 'पाइलट प्रोजेक्ट'को संज्ञा दिएका छन्।

आप्रवासनसम्बन्धी लामो समयदेखिको सम्झौतामा सहमति भएको केही महीनापछि मात्र थप सुधारका लागि दबाब दिने राष्ट्रहरूको समूहमा इटाली पनि एक हो।

सन् २०२३ मा झन्डै एक दशकयताकै उच्च बिन्दुमा पुगेको युरोपेली सङ्घमा अनियमित सीमा पार गर्ने क्रम यस वर्ष ४० प्रतिशतभन्दा बढी भएको इयुको सीमा मामिला हेर्ने निकाय फ्रन्टेक्सले जनाएको छ।

इयुका एक वरिष्ठ कूटनीतिज्ञका अनुसार इयुका २७ राष्ट्रमध्ये धेरैले आप्रवासनलाई 'अत्यावश्यक घरेलु समस्या'का रूपमा हेरिरहेका छन्।

आप्रवासीविरोधी भावनामा राजनीति गरिरहेका कट्टर दक्षिणपन्थी पार्टीहरूले जुनमा युरोपेली चुनावमा राम्रो प्रदर्शन गरे र नेदरल्यान्ड्स, अस्ट्रिया र जर्मनीमा हालैको राष्ट्रिय र क्षेत्रीय मतमा शीर्ष स्थान हासिल गरेका छन्।

यस (ग्रीष्म) याममा मध्यावधि चुनावपछि फ्रान्स पनि दक्षिणपन्थीतर्फ ढल्केको छ।

केही राष्ट्रहरू यस वर्ष भएको ऐतिहासिक आप्रवासन सम्झौताको शीघ्र कार्यान्वयन चाहन्छन्। यसले सीमा प्रक्रिया कडा बनाएको छ र देशहरूले 'अग्रपङ्क्तिका' राज्यले शरण खोज्नेहरूलाई लिन वा पैसा र स्रोतहरू प्रदान गर्न आवश्यक छ।

तर सन् २०२६ को जूनदेखि लागू हुने यो प्याकेज भने कम हुने कतिपयको भनाइ छ।

फ्रान्स र जर्मनीलगायत युरोपेली सङ्घका अधिकांश देशले अनियमित आप्रवासीलाई देश निकाला गर्न सहजीकरण गर्ने प्रस्तावमा हालै हस्ताक्षर गरेका छन्।

एक वरिष्ठ युरोपेली कूटनीतिज्ञले भने–"फ्रेन्को–जर्मन इन्जिनले कारबाईका लागि दबाब दिइरहेको छ।"

इयु प्रमुख उर्सुला भोन डेर लेयेनले यसै साताको शुरूमा 'आप्रवासी फिर्ता प्रक्रिया व्यवस्थित गर्न' सुधारको वाचा गर्दै प्रक्रिया शुरू गरेकी छन्।

इयुलाई लेखेको पत्रमा उनले इयुबाहिर निर्वासन केन्द्र विकास गर्ने विवादास्पद विचार उल्लेख गरेकी छन्।

तर इयुका एक कूटनीतिज्ञले यो विचार 'अस्पष्ट र प्रारम्भिक' भएको र यसको लागि यस चरणमा कुनै वास्तविक योजना नभएको र शिखर सम्मेलनमा कुनै 'प्रमुख निर्णय'को अपेक्षा नगरिएको बताए।

कानूनी र नैतिक मुद्दाहरूले भरिएको विषयको असहमतिले २०१८ मा यस्तै सुधार प्रयास असफल भएको थियो। अहिले पनि स्पेनले पहिले नै आफ्नो विरोध स्पष्ट गरिसकेको छ। रासस

# गाजामा एक हप्तामा ४०० प्यालेस्टिनी मारिए, सयौं घाइते -राष्ट्रसङ्घ

संयुक्त राष्ट्रसङ्घ, १ कात्तिक/सिन्हुवा

गाजामा एक हप्तामा करीब ४०० प्यालेस्टिनीको मृत्यु हुनुका साथै करीब १,५०० घाइते भएको मानवीय मामिला तथा आपत्कालीन राहतका लागि राष्ट्रसङ्घका कार्यवाहक उपमहासचिव जोयस सुयाले बताएका छन्।

गाजाको मानवीय अवस्थाबारे राष्ट्रसङ्घीय सुरक्षा परिषद्लाई जानकारी दिँदै सुयाले अक्टोबर ९ पछि इजरायली हवाई आक्रमणका कारण गाजामा सयौं व्यक्ति हताहत भएका बताएका छन्।

अल अक्सा अस्पतालनजीकै शरण लिइरहेका बिरामी र विस्थापितहरूको तस्बिरले विश्वलाई विचलित बनाएको जनाउँदै महिला तथा बालबालिकासहित धेरैले कठिन जीवनको सामना गरिरहेको उनले उल्लेख गरेका छन्।

यस्तो आतङ्कले मानवताको भावना हराउने र मानवतावादीहरूलाई काम गर्न उत्प्रेरित नगर्ने बताउँदै उनले इजरायलको सैन्य आक्रमण तीव्र हुँदै गएकोले ५५ हजारभन्दा बढी मानिस जबलिया क्षेत्रबाट विस्थापित भएको बताएका छन्।

उनले अक्टोबरको शुरुदेखि १५ सम्म गाजामा कुनै पनि खाद्य सहायता नआएको बताउँदै जीवन धान्ने सबै आवश्यक सामग्री समाप्त भइरहेको जनाएका छन्।

गाजाको दयनीय अवस्था र पीडालाई ध्यानमा राख्दै, मानवीय पहुँच अस्तित्वहीन बनेको उनले बताएका छन्।

पटकपटक राहत मिसन अवरुद्ध हुँदा, अभावबीच बाँचिरहेका गाजावासीलाई मानवीय सहायताको अन्न बढी खाँचो भएको उनले बताए।

गाजाको पीडालाई शब्दमा वर्णन गर्न नसकिने बताउँदै अधिकारीले अन्तर्राष्ट्रिय कानूनको सम्मान गरी सबै सदस्य राष्ट्रले सहायता सुनिश्चित गर्नुपर्ने बताएका छन्।

बैठकका लागि अनुरोध गर्ने अल्जेरियाका प्रतिनिधिले गाजाको विनाशकारी मानवीय अवस्थाबारे चिन्ता व्यक्त गरेका छन्।

मङ्गलवार गाजामा सहायताका ट्रकहरू आएका भएपनि घेराबन्दीका कारण जबालिया पुग्न असफल भएको बताउँदै उनले मानवीय सहायताका सामग्रीको अभाव सिर्जना गर्ने सैन्य घेराबन्दी अस्वीकार्य मात्र नभई युद्ध अपराध भएको बताएका छन्।

राष्ट्रसङ्घमा प्यालेस्टिनका लागि स्थायी पर्यवेक्षक रियाद मन्सुरले गाजामा भइरहेको आक्रमणको विकल्प मौनता र निष्क्रियता नभएको उल्लेख गरेका छन्।

प्यालेस्टिनी र लेबनानी जनता इजरायलको दण्डहीनताको मूल्य चुकाउन बाध्य भएको उल्लेख गर्दै गाजामा घेराबन्दी, भोकमरी र बम विस्फोटमा परेका चार लाख प्यालेस्टिनीलाई अधीनमा राख्नु युद्ध नभई अपराध भएकोले यसलाई रोक्नुपर्ने उनले बताएका छन्।

मन्सुरले सुरक्षा परिषद्लाई चार्टर र कानूनद्वारा प्रदान गरिएका उपकरणद्वारा कानूनविपरीत काम गर्नेहरूसँग लड्न आह्वान गर्दै यो काम गर्ने समय भएकोले अरू कुनै पनि बहाना आत्मसमर्पण गर्नु हो भनी उल्लेख गरेका छन्।

यसै सन्दर्भमा टिप्पणी गर्दै इजरायलका प्रतिनिधिले आफ्नो देशविरुद्ध आक्रमणको विस्तृत विवरण दिँदै १०१ जना मानिसलाई हमासले यातना दिएको र सुरक्षा परिषद्का सदस्यहरूले बन्धकबारे थोरै मात्र उल्लेख गरेको बताएका छन्।

इजरायल र मानवीय साझेदारले गाजामा भरपूर मानवीय सहायता ल्याउँदा पनि हमासले सहायता 'कब्जा' गरी मानवीय अवस्थालाई दयनीय बनाएको उल्लेख गरेका छन्। रासस


**शववाहन नहुँदा समस्या :** खोटेहाङ गाउँपालिका–४ बडकादियालेका गङ्गामाया विश्वकर्माको शव रु ४५ हजारमा ट्याक्टर भाडामा लिएर जिल्ला अस्पताल ल्याएर परीक्षणपछि फर्काउने तयारी गर्दै आफन्त। जिल्लामा शववाहन नहुँदा समस्या भोग्नुपरेको छ। तस्बिर: केदार मगर/रासस

# नेप्से परिसूचकमा सामान्य वृद्धि

काठमाडौं, १ कात्तिक/रासस

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक बिहीवार झिनो अङ्कले उकालो लागेको छ। नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक दुई दशमलव ४७ अङ्कले उकालो लागेर दुई हजार ७४५ दशमलव ३६ मा पुगेको छ।

ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक एक दशमलव ३१ अङ्कले उकालो लागेर ४९५ दशमलव ३० मा पुगेको छ। कारोबार भएका १३ उपसमूहमध्ये सात उपसमूहको शेयर मूल्य उकालो लाग्दा छ उपसमूहको शेयर मूल्यमा भने गिरावट आएको छ।

कुल एक करोड ८८ लाख सात हजार ४९२ कित्ता शेयर रु सात अर्ब ९९ करोड २७ लाख ९२ हजार १६६ मूल्यमा कारोबार भएको छ।

नेप्सेका अनुसार गुडविल फाइनान्स सात दशमलव ६३, एनआइसी एशिया सेलेक्ट फन्ड छ दशमलव १९, सनराइज ब्ल्यूचिप फन्ड दशमलव १४, समाज लघुवित्त पाँच दशमलव १२ र रावा इनर्जीका लगानीकर्ताले पाँच दशमलव १२ प्रतिशतले कमाएका छन्।

यस्तै, अप्पर स्याङ्गे हाइड्रोपावर पाँच दशमलव १९, मिड सोलु हाइड्रोपावर पाँच दशमलव शून्य तीन, सामुदायिक लघुवित्त चार दशमलव ४७, नेपाल

(बाँकी अन्तिम पातामा)

# मोटरसाइकल आयात ७६ प्रतिशतले बढ्यो

वीरगंज (पर्सा) १ कात्तिक/रासस

वीरगंज भन्सारबाट चालू आर्थिक वर्षको भदौ मसान्तसम्ममा ७६ दशमलव ८६ प्रतिशतले मोटरसाइकलको आयात बढेको छ।

वीरगंज भन्सार कार्यालयका अनुसार आव २०८०/८१ को भदौ महीनासम्मको तुलनामा चालू आर्थिक वर्षको सोही अवधिमा सात हजार १२० वटा मोटरसाइकल आयात भएका छन्।

चालू आर्थिक वर्षको भदौ मसान्तसम्मको अवधिमा वीरगंज नाकाबाट चार पाङ्ग्रे सवारीसाधनको आयातमा कमी आएको भएपनि दुई पाङ्ग्रे सवारीसाधनको आयात बढेको प्रमुख भन्सार प्रशासक दीपक लामिछानेले बताए।

चालू आवको भदौ मसान्तसम्ममा रु दुई अर्ब सात करोड ८४ लाख २२ हजार मूल्य पर्ने १६ हजार ३८४ वटा मोटरसाइकल आयात भएका छन्। गत आर्थिक वर्षको भदौ मसान्तसम्मको अवधिमा भने एक अर्ब १३ करोड ५४ लाख ६४ हजार मूल्य पर्ने नौ हजार २६४ वटा मोटरसाइकल आयात भएका थिए।

आव २०८०/८१ को भदौ मसान्तसम्ममा २३ करोड ९० लाख चार हजार मूल्य पर्ने १२ लाख ६५ हजार ५२७ वटा मोटरसाइकल (मोपेडसहित)का पार्टपुर्जा आयात भएका थिए। चालू आर्थिक वर्षको सोही अवधिमा रु ३४ करोड १७ लाख २२ हजार मूल्य पर्ने १६ लाख ६१ हजार ५३१ वटा मोटरसाइकल (मोपेडसहित)का पार्टपुर्जाहरू आयात भएका छन्।

# 'प्रहरी सङ्गठन प्रदेशको आफ्नै हुनुपर्छ'

जनकपुर, १ कात्तिक/रासस

नेपाली काङ्ग्रेसका नेता तथा सङ्घीय सांसद विमलेन्द्र निधिले हरेक प्रदेशको आफ्नै प्रहरी सङ्गठन हुनुपर्नेमा जोड दिएका छन्।

पूर्वगृहमन्त्रीसमेत रहेका निधिले भने, "सबैले प्रदेश प्रहरी समायोजन भन्दैछन्, मैले भने सङ्गठन भन्छु। त्यो सरकारले समायोजन गरेर होस् या नयाँ भर्ना गरेर, तर प्रहरी सङ्गठन प्रदेशको आफ्नै हुनुपर्छ।"

सङ्घीयता कार्यान्वयनको सात वर्ष बितिसक्दा पनि प्रदेश प्रहरी ऐन पारित नहुनु दुःखद भएको उनको भनाइ छ। उनले भने, "आफ्नो प्रहरी सङ्गठनको अभावमा विभिन्न समस्या हुने गरेको गुनासो प्रत्येक प्रदेशबाट आउने गरेको छ।" जबसम्म प्रदेशमा आफ्नो प्रहरी सङ्गठन हुँदैन, तबसम्म प्रदेश सरकार सञ्चालन प्रभावकारी नहुने उनले उल्लेख गरे।

## आजको राशिफल

| | |
|---|---|
| मेष: सुयश | वृष: बेचैनी |
| मिथुन: मनोरञ्जन | कर्कट: सफलता |
| सिंह: प्रगति | कन्या: वादविवाद |
| तुला: यात्रालाभ | वृश्चिक: कडाश्रम |
| धनु: सुसमाचार | मकर: उदरपीडा |
| कुम्भ: विजय | मीन: धनलाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

**वीरगंज ...**

भन्सार हुँदै ३६ दशमलव ८२ प्रतिशत भयो। त्यस्तै, सुक्खा बन्दरगाह भन्सार कार्यालय हुँदै कुल आयातको १२ दशमलव ५५ प्रतिशत र भैरहवा भन्सारबाट भने कुल आयातको १५ दशमलव १९ प्रतिशत आयात भएको देखिन्छ।

नेपाल उद्योग वाणिज्य सङ्घ मधेस प्रदेशका अध्यक्ष अशोककुमार टेमानीले कोभिड–१९ महामारीपछि सरकारले अँगालेको नीतिका कारणले अर्थतन्त्रमा ठूलो खालको समस्या निम्तिएकाले पनि उद्योग–व्यापार क्षेत्र गुल्जार हुन नसकेको बताए। "कोभिड–१९ पछि राष्ट्र बैंकले अघि सारेका नीतिकै कारणले अर्थतन्त्रमा निकै ठूला खालका समस्या ल्याउने काम गर्‍यो," उनले भने, "जुन नीतिको कारणले उद्योगधन्दा अझैसम्म लयमा फर्किन सकेको छैन।"

वीरगंज वाणिज्य सङ्घका वरिष्ठ उपाध्यक्ष गौतम पनि कोभिड–१९ महामारी सकिएपछि पनि उद्योगधन्दा मुश्किलले ३० देखि ४० प्रतिशतको हाराहारीमा मात्रै चल्दै आएको गुनासो गर्छन्। "कोभिड–१९ को महामारीपछि ठूला उद्योगले ३० देखि ४० प्रतिशत मात्रै उत्पादन गर्दै आइरहेका छन्," उनले भने, "उद्योग/कलकारखानालाई खर्च धान्न पनि समस्या हुँदै आइरहेको छ। कोभिड–१९ पछि पर्सा र बारामा नगण्य मात्रामा मात्रै उद्योगधन्दा थपिएका छन्।"

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# लामखुट्टेविरुद्ध वीरगंज महानगरको अभियान



तस्वीरः सौजन्य

प्रस, वीरगंज, १ कात्तिक/

वीरगंज महानगरपालिकाले बिहीवारदेखि लामखुट्टेविरुद्धको अभियान शुरू गरेको छ । सरसफाइ महाशाखा प्रमुख सर्फुद्दीन मियाँले बिहान र बेलुका गरी दुई समय लामखुट्टेविरुद्धको अभियान आजबाट शुरू गरिएको बताए। जाडोयाम शुरू भएपछि लामखुट्टे वृद्धि हुने हुँदा आजदेखि लामखुट्टेविरुद्धको अभियान सञ्चालन गरेको बताए। आज वडा नं १ देखि ४ सम्म बिहान नालामा स्प्रे गर्ने र बेलुका टोलटोलमा फगिङ स्प्रेबाट लामखुट्टेविरुद्धको अभियान शुरू गरिएको र यो अभियान कात्तिक २४ गतेसम्म सञ्चालन हुने बताए ।

देशभर डेङ्गीको प्रकोप बढिरहेको र पर्सा जिल्लामा पनि डेङ्गी, मलेरिया, इन्सेफ्लाइटिस, कालाजारजस्ता रोगहरू हुन नदिन महानगरले लामखुट्टेविरुद्धको अभियान शुरू गरेको सफाइ महाशाखा प्रमुख मियाँले बताए ।

# मुख्यमन्त्री सिंहद्वारा कोषको भवन अवलोकन

प्रस, वीरगंज, १ कात्तिक/

मधेस प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहले बिहीवार मैथिली विकास कोषको जनकपुरधाम उपमहानगरपालिका–८ स्थित निर्माणाधीन भवनको अवलोकन गरेका छन् ।

सो क्रममा कोषका अध्यक्ष जीवनाथ चौधरी, नेपाली काङ्ग्रेसका नेता एवं पूर्वमन्त्री रामसरोज यादव, नेका धनुषाका उपसभापति गणेश झा, प्रमोद चौधरी, श्याम शशिलगायतले मुख्यमन्त्री सिंहलाई स्वागत गरेका थिए ।

प्रदेश सरकारले रु सात करोडको लगानीमा पाँच कट्ठा क्षेत्रफलमा कोषको भवन निर्माण शुरू गरेको छ । निर्माणाधीन कोषको भवनमा सांस्कृतिक



सङ्ग्रहालय, पुस्तकालय, मिथिला लोक चित्रकला प्रशिक्षण केन्द्र, कला प्रदर्शनी कक्ष, श्रव्यदृश्य कार्यसम्पादन कक्ष, सेमिनार हललगायत छन् ।

तत्कालीन जिल्ला विकास समिति धनुषाले गत २०५८ सालमा स्थापना गरेको कोषले दुई वर्षको अन्तरालमा जनकपुर साहित्य महोत्सव तथा अन्तर्राष्ट्रिय नाटच महोत्सवको आयोजना गर्दै आएको छ। कोषले गत तीन वर्षयता मासिक कथा एवं कवि गोष्ठी आयोजना गरिरहेको छ । मैथिली भाषा एवं साहित्यसँग सम्बन्धित एक दर्जनभन्दा बढी पुस्तक प्रकाशन गरिसकेको कोषले ५१/५१ हजार राशिको पुरस्कारसमेत स्थापना गरेको सो अवसरमा मुख्यमन्त्रीलाई जानकारी गराइएको थियो।


## निमोनियाबाट बचौं र बचाऔं

**फोक्सोमा हुने निमोनिया सङ्क्रमणका लक्षणहरू:**

- ज्वरो आउने, खोकी लाग्ने,
- श्वासप्रश्वासको गति बढ्ने, श्वास फेर्न गाऱ्हो हुने,
- ससाना बालबालिकालाई आमाको दूध चुस्न गाऱ्हो हुने,
- शरीर नीलो हुने,

यसबाट बढी मात्रामा बालबालिका प्रभावित हुने हुँदा त्यस्ता लक्षण देखिएमा तुरुन्त अस्पताल वा चिकित्सकसँग परामर्श गरौं ।

नेपाल सरकार

विज्ञापन बोर्ड

Make your stay with us is a memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA

Exhilarating Hospitality

Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


### पर्सा प्रहरीले ...

११५ मूल्य बराबरका मालसामान राजस्व अनुसन्धान कार्यालय, पथलैया र वीरगंज भन्सार कार्यालयमा बुझाइएको छ ।

महीनैपिच्छेको हिसाब हेर्ने हो भने साउनमा आठ करोड ३० लाख ३० हजार, भदौमा छ करोड २९ लाख ६४ हजार, असोजमा दुई करोड ८६ लाख ८८ हजार बराबरका मालसामान सीमा क्षेत्र वा विभिन्न प्रहरी युनिटमार्फत बरामद गरी कारबाईको लागि सम्बन्धित निकायमा पठाइएको उनले जानकारी गराए ।

यसैगरी, गत आव २०८०/८१ मा राजस्व अनुसन्धान पथलैयामा ४७ करोड २३ लाख १७ हजार र वीरगंज भन्सारमा छ करोड २३ लाख ४२ हजार गरी कुल ५३ करोड ४६ लाख ५९ हजार बराबरका मालसामान बरामद गरी कारबाईको लागि पठाइएको थियो भने आव २०७९/८० मा राजस्व अनुसन्धान कार्यालय, पथलैयामा ४४ करोड चार लाख ९७ हजार र वीरगंज भन्सार कार्यालयमा तीन करोड ७७ लाख ४७ हजार गरी कुल ४७ करोड ८२ लाख ४४ हजार मूल्य बराबरका सामान राजस्व र भन्सार चलान भएका थिए ।

### नेप्से ...

एसबिआई बैंकको ऋणपत्र तीन दशमलव ८८ र सर्पोट माइक्रोफाइनान्स तीन दशमलव ४१ प्रतिशतले वृद्धि भएका छन् ।

# खेलकूदको संसार

## साफ महिला फूटबल : भारतद्वारा पाकिस्तान पराजित

काठमाडौं, १ कात्तिक/रासस

राजधानीमा बिहीवारदेखि शुरू भएको साफ महिला च्याम्पियनशिप फूटबल प्रतियोगिताको उद्घाटन खेलमा भारतले पाकिस्तानलाई पराजित गरेको छ ।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा आज भएको उक्त खेलमा भारतले पाकिस्तानलाई ५–२ गोलअन्तरले पराजित गरेको हो। भारतले खेलको सुरुआतदेखि नै पाकिस्तानमाथि दबाब बनाएको थियो। खेलको पाँचौं मिनेटमैं डाङ्मेई ग्रेसले गोल गर्दै भारतलाई अग्रता दिलाइन्। त्यस्तै, मनीषा कल्याणले खेलको १७औं मिनेटमा गोल थप्दै भारतको अग्रता दोब्बर बनाइन्।

त्यसपछि खेलको पहिलो हाफको ३५औं मिनेटमा बाला देवीले भारतका लागि गोल गरिन् । भारतकी डाङ्मेई ग्रेसले खेलको ४२औं मिनेटमा व्यक्तिगत दोस्रो गोल गरिन् र भारतलाई ४–० को अवस्थामा पुऱ्याइन्।

खेलको पहिलो हाफको अतिरिक्त समयमा पाकिस्तानकी सुहा हिरानीले पेनाल्टीमार्फत गोल गरिन्। भारतकी असलता देवीले नादिया खानलाई फल गरेपछि पाकिस्तानले पेनाल्टी पाएको थियो। खेलको पहिलो हाफसम्म ४–१ गोलको अग्रता लिएको भारतले दोस्रो हाफमा थप एक गोल गऱ्यो । खेलको दोस्रो हाफको सुरुआतमैं कायल मारी सिद्दिकीले गोल गर्दै पाकिस्तानलाई खेलमा फर्काउने सङ्केत देखाएकी थिइन्। तर खेलको ७८औं मिनेटमा भारतले पाँचौं गोल थप्यो। भारतकी ज्योति चौहानले गोल गर्दै भारतलाई ५–२ को अग्रता दिलाइन् ।

जीतसँगै भारतले प्रतियोगितामा तीन अङ्क जोडेको छ। प्रतियोगिताको समूह 'ए'मा भारत, पाकिस्तान र बङ्गलादेश तथा समूह 'बी'मा नेपाल, भुटान, श्रीलङ्का र माल्दिभ्स रहेका छन् । शुक्रवार दिउँसो १:३० बजे पहिलो खेल श्रीलङ्का र माल्दिभ्सबीच तथा दोस्रो खेल साँझ ५:३० बजे नेपाल र भुटानबीच हुनेछ ।

## फूटबलर ह्वाङलाई चार वर्षको जेलसजाय माग

सियोल, १ कात्तिक/एएफपी

दक्षिण कोरियाली अन्तर्राष्ट्रिय फूटबलर ह्वाङ उई–जोलाई गैरकानूनीरूपमा यौन सम्बन्धको भिडियो बनाएको अभियोगमा अदालतमा दोषी ठहर गर्दै चार वर्षको जेलसजायको माग गरिएको छ ।

अभियोजकहरूले 'सियोल सेन्ट्रल डिस्ट्रिक्ट कोर्ट'मा ३२ वर्षीय ह्वाङलाई चार वर्षको जेलसजायको माग गरेका थिए।



तस्वीरः एजेन्सी

नटिङ्घम फरेस्टका पूर्वस्ट्राइकरले सहमतिविना एक महिलासँग यौन सम्बन्ध राखेको भिडियो बनाएको सुनवाइका क्रममा स्वीकार गरेको र आफूमाथि दया देखाउन आग्रह गरेको एएफपीले बिहीवार प्राप्त गरेको फैसलापूर्वको कागजातको एक अंशमा उल्लेख छ ।

"हाल टर्कीको क्लब अलान्यास्पोरबाट खेल्दै आएका ह्वाङले शुरूमा आफू निर्दोष रहेको दाबी गरेका थिए," अभियोजकले भनेका छन्, "यद्यपि उनले अहिले गलती स्वीकारेका छन्, तर उनले मुद्दा अघिको आरोपलाई अस्वीकार गरेका छन् ।"

पीडितहरूलाई भएको अपूरणीय क्षतिको लागि ह्वाङ सन्तुष्ट भएको वा नभएको पनि सुनवाइका क्रममा प्रश्न गरिएको थियो ।

ह्वाङले न्यायाधीशलाई दिएको बयानमा भनेका छन्, "मैले गरेको गलतीका कारण पीडितहरूले दुःख पाएका छन्, म क्षमायाचना गर्छु। म अत्यन्त उदारताको लागि हार्दिक अनुरोध गर्छु।"

ह्वाङले यो घटनालाई 'ऐनाको प्रतिविम्ब'का रूपमा प्रयोग गरेर खेलाडीका रूपमा लगनशील भएर जीवनयापन गर्ने बताएका छन् ।

कोरियाली भाषामा 'मोल्का' भनेर चिनिने 'स्पाइ क्यामेरा'को सहयोगमा बनाइने भिडियोहरू सामान्यतया पुरुषहरूले बनाउने र पैसाका लागि बेच्ने गर्छन् । उनीहरूले महिलाहरूले शौचालय र अन्य ठाउँहरूमा गरेका 'गोप्य गतिविधि' वा 'गोप्य यौन सम्बन्ध'का फुटेजलाई पनि यसरी दुरुपयोग गर्ने गरेको पाइन्छ ।

सन् २०२३ को जूनमा उनकी भाउजूले ह्वाङलाई ब्ल्याकमेल गर्ने प्रयासस्वरूप उनको 'गोप्य अश्लील भिडियो' पोस्ट गरेपछि यो स्क्यान्डल प्रकाशमा आएको थियो । उनी अहिले ब्ल्याकमेल गरेको आरोपमा तीन वर्षको जेलसजाय काटिरहेकी छन् ।

पीडित पक्षका एक वकील ली युन–युईले अभियोजनकर्ताले चार वर्षको जेलसजायको मागलाई स्वागत गरेको बताएका छन् ।

"अभियोजन पक्षले चार वर्षको जेलसजायको माग गरिरहेको छ, यो कमसेकम सान्त्वनादायी छ," वकील लीले सुनवाइपछि पत्रकारसँग भने, "उनको महिला यौनकर्मी (ग्राहक)लाई सम्पूर्ण मामिलामा 'गहिरो चोट' लागेको थियो ।

ह्वाङलाई गत वर्षको नोभेम्बरदेखि राष्ट्रिय टोलीबाट निलम्बन गरिएको थियो। उनले दक्षिण कोरियाका लागि ६२ खेलमा १९ गोल गरेका छन्। ह्वाङलाई डिसेम्बर १८ मा सजाय सुनाइनेछ। रासस

# भलुवाही खोलाबाट टयाक्टर नियन्त्रण

प्रस, पंचगावाँ, १ कात्तिक/

इलाका प्रहरी कार्यालय, पटेर्वासुगौलीले भलुवाही खोलाबाट अवैधरूपमा नदीजन्य पदार्थ ओसारपोसार गरिरहेको टयाक्टर नियन्त्रणमा लिएर पालिकाको जिम्मा लगाएको छ।

बिहीवार दिउँसो ४ बजे पटेर्वासुगौली गाउँपालिका–४ स्थित भलुवाही खोलाबाट अवैधरूपमा नदीजन्य पदार्थ ओसारपोसार गरिरहेको ना.६त २८८२ नम्बरको टयाक्टर नियन्त्रणमा लिएर कारबाईको लागि पटेर्वासुगौली गापाको जिम्मा लगाएको इप्रका, पटेर्वासुगौलीले जानकारी गराएको छ।

# ४४५ व्यवसायीलाई नापतौल इजाजत

जनकपुरधाम, १ कात्तिक/रासस

गुणस्तर तथा नापतौल कार्यालय जनकपुरधामले गत आर्थिक वर्ष २०८०/८१ मा ४४५ उद्योग तथा व्यवसायीलाई व्यवसाय कारोबार गर्न नयाँ नापतौलसम्बन्धी इजाजतपत्र प्रदान गरेको थियो।

सो कार्यालयले दुई हजार ३६८ व्यवसायीको नापतौल यन्त्रको जाँचसमेत गरेको जनाएको छ। प्राप्त विवरण अनुसार तोकिएको मापदण्डविपरीत ढक र तराजु प्रयोग गर्ने एक हजार ७१७ व्यापारीलाई कारबाई गरी जरिवानासमेत गरिएको कार्यालय प्रमुख मुकुन्द चौहानले बताए।

धनुषा, महोत्तरी, सर्लाही, सिन्धुली तथा रामेछाप गरी कुल पाँच जिल्ला कार्यक्षेत्र रहेको सो कार्यालयले विभिन्न कारबाई, नापतौल यन्त्रको इजाजतपत्र प्रदान तथा नवीकरणबापत गत आर्थिक वर्षमा रु ४० लाख ६७ हजार २४२ राजस्व सङ्कलन गरेको जनाएको छ।